# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# गौरीगंगा नगरपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३८१

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
गौरीगंगा नगरपालिका,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले गौरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.४ करोड १९ लाख १२ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.८८ लाख ३९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ८५ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.३० लाख १९ हजार र पेश्की रु.१५ लाख बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.१६ करोड ३९ लाख १२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१९ करोड ११ लाख ६८ हजार रहेको छ । **यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## गौरीगंगा नगरपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | ३८ | ४१९१२ | ० | ० | ० | ४७ | ३८ | ४१९१२ | ८८३९ | ३०१९ | २८५५४ | ० | ० | ३१५७३ | १५०० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १६३९१२ | ० | १४६५६ | १४९२५६ | ० | ४१९१२ | १९११६८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गौरीगंगा नगरपालिका, कैलाली , गौरीगंगा नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरिदत्त भट्ट | २०७८-९-१८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | खगेन्द्र राज जोशी | २०७७-४-१ | |
| लेखा प्रमुख | नरेश वि.क. | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४१,९११,७०९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,७२,१५,२१० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६६,८८,१३,२७६ | **चालु खर्च** | ६२,९९,५९,६६४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,७३,४७,००० | **पूँजीगत खर्च** | २६,१५,४३,६३८ |
| **राजश्व बाँडफाँट** | १४,७०,०६,२८३ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ३,२३,५३,०९३ | | |
| **अन्य आय** | ४,४२,०५,१८१ | | |
| **कुल आय** | ९२,९७,२४,८३३ | **कुल खर्च** | ८९,१५,०३,३०२ |
| **बाँकी मौज्दात** | | १३,५४,३६,७४० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय-**<br>**परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।नेपालको सुदूर पश्चिम प्रदेशको कैलाली जिल्ला अर्न्तगतको **यस गौरीगंगा नगरपालिकामा ११ वडा, ५९ सभा सदस्य, २४४ वर्ग किलोमिटर क्षेत्रफल तथा ५५३१४ जनसंख्या रहेको छ ।**<br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसंग सम्वन्धित विवरणहरु तथा नेपालकामहालेखापरीक्षकले जारी गरेको **नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली ( व्यबस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS** बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसंग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायतसम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| २ | | | **आन्तरिक नियन्त्रण-**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्होराहरु तपसिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ । खर्च भएर जाने तथा नजाने जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित भएको पाइएन। जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित हुनुपर्दछ ।<br>• जिन्सी निरीक्षण भएको छ तर उक्त प्रतिवेदनअनुसार मिनाहा तथा लिलामीका कार्य भएको पाइएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फा. नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन उल्लेखित व्यहोरामा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **बजेट पेश तथा स्वीकृति-**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मिति २०७७।३।१० गते रु. ७९ करोड ४० लाख ६३ हजारको बजेट सभासमक्ष पेश गरेकोमा सोही दिन पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट पारित भएको ७ दिनभित्र खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मिति २०७७।५।१ मा मात्र बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधिभित्र खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **प्रगति प्रतिवेदन-**<br>पालिकाले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्दछ । कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा भएको भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसारको प्रगति विवरण तयार गरेको देखिएन जसले गर्दा सम्पादित कामको परिमाण र अबस्था को बारेमा स्पष्ट हुन सक्ने अबस्था नरहेकोले निर्धारित ढाचामा आवधिक र बार्षिक प्रगति प्रतिबेदनहरु तयार गरी सो को बिश्लेषण समिक्षा र अनुगमन गर्नुपर्ने देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्नु मनासिब देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ५ | | | **क्षेत्रगत बजेट तथा खर्च स्थिति-**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><td>क्र.स</td><td>क्षेत्र</td><td>बजेट ( रु. हजारमा)</td><td>खर्च ( रु. हजारमा)</td><td>खर्च प्रतिशत</td></tr><tr><td>१</td><td>आर्थिक विकास</td><td>३७७६२</td><td>३३९६१</td><td>८९.९४</td></tr><tr><td>२</td><td>पूर्वाधार विकास</td><td>२५७३४०</td><td>१५०४५२</td><td>५८.४६</td></tr><tr><td>३</td><td>सामाजिक विकास</td><td>३३०४५७</td><td>२८७३६५</td><td>८६.९६</td></tr><tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>९९१४</td><td>७२४२</td><td>७३.०५</td></tr><tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१४४४३०</td><td>१२०४१७</td><td>८३.३७</td></tr></table>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकास क्षेत्रमा सबैभन्दा बढी ८९.९४ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ५८.४६ प्रतिशत खर्च भएको छ । बजेटको सन्तुलित रुपमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६ | | | **चौमासिक खर्च स्थिति-**<br>नगरपालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.२३ करोड १२ लाख ७४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ७१ लाख ६४ हजार अर्थात २०.३९ प्रतिशत, दोश्रो चौमासिकमा रु.४ करोड ४६ लाख ६३ हजार अर्थात १९.३१ प्रतिशत र तेश्रो चौमासिकमा रु.१३ करोड ९४ लाख ४७ हजार अर्थात ६०.३० प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.१० करोड २६ लाख ५० हजार अर्थात ४४.३८ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमासिकमा पूजीगत खर्च मा भार परेको देखिएबाट सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **योजना छनौट-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको १८८ योजनामध्ये ५ लाखभन्दा घटीका योजना ११८, ५लाखदेखि १० लाखसम्म २३ योजना तथा १० लाखभन्दा बढीका ४७ योजना रहेका छन् । अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । | |
| ८ | | | **रकमान्तर-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यपालिकाले पटके निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा रु.९करोड २३ लाख ४८ हजारअर्थात बजेटको ११.६२ प्रतिशत रकमान्तर भएको छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| ९ | | | **अनुदान फिर्ता-**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.५८७३८२९६।- संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.६७६१७७६।- प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **सेवा प्रवाह-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नबमोजमिम सेवाप्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार संचालन ऐन तथा पालिकाबाट निर्मित ऐनकानूनबमोजिम सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ । | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ८५ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ३११७ |
| मृत्युदर्ता | ४७५ |
| बसाईसराई दर्ता | १९०१ |
| विवाह दर्ता | ९४८ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | २.५ कि.मि. |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३६.३२ कि मि |
| ग्राभेल सडक मर्मत | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **कर्मचारी कल्याण कोष-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषमा यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा गतवर्षसम्मको रु.२४०००००।- मौज्दात रहेकोमा यस वर्ष रु.५०००००।- एकमुष्ट जम्मा गरी कोष मा रु.२९०००००।- मौज्दात रहेको छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| १२ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छैन । नगरपालिकाले समितिको गठन गरी आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्दछ । कानूनको व्यवस्था बमोजिम समिति गठन नहुँदा बजेट तर्जुमा प्रकृया नै बस्तुनिष्ठ तथा यथार्थ हुन नसक्ने देखिएकाले नगरपालिकाले कानूनबमोजिम समिति गठन गर्नुपर्दछ । | |
| १३ | | | **दरवन्दी पदपुर्ति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७९ दरबन्दी स्वीकृत रहेको छ जसमध्ये ५ अधिकृत स्तरका सहित ९ पद रिक्त रहेको भएपनि कतिपय पदमा दरवन्दीभन्दा बढी अर्थात ८० स्थायी कर्मचारी कार्यरत रहेको कार्यालयले जानकारी दिएको छ । नगरपालिकामा कुल १८८ करारका कर्मचारी कार्यरत रहेका छन् । दरवन्दीबाहेकका २४ स्थायी तथा १०० करारका कर्मचारी कार्यरत रहेको देखिएबाट नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दरवन्दी अद्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| १४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार नगरपालिकाले समिति गठन गरेको छ । नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **नगर प्रोफाइल**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको छ । नगरपालिकाले बजेट तर्जुमादेखी योजनाहरु सञ्चालन गर्दा नगर प्रोफाइललाई आधार मानी तर्जुमा गर्नुपर्ने देखिन्छ । | |
| १६ | | | **सफ्टवेयर**-<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने ब्यवस्था रहेको छ । स्थानीय तहले विभिन्न सफ्टवेयर खरिदमा रु.३५००००।- खर्च गरेको भए पनि स्वीकृतीवेगरका राजश्व , एच एम आई एस, जस्ता महत्वपूर्ण सफ्टवेयरको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छ भन्ने अवस्था रहेन । यस्ता सफ्टवेयर प्रयोगमा ल्याउँदा स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| १७ | | | **कानून निर्माण**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म नगरपालिकाले ऐन, नियमावली, कार्यविधि, निर्देशिकासमेत गरी ४२ कानून बनाएको छ । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय तथ्याङ्क , फोहोर व्यवस्थापन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ नगरपालिकाले ध्यान पुर्‍याउनुपर्दछ । | |
| १८ | | | **न्यायीक समिति**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७७/७८ मा गत वर्षको १७ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष ३० मुद्दा दर्ता भई कुल ४७ मुद्दा रहेकोमा २२ मुद्दा फछ्र्यौट भएका छन भने २५ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । मुद्दाको वडागत अभिलेख नराखेको, सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |
| १९ | | | **खरिद व्यवस्थापन**- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | **वीमा**- सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । नियमावलीको दफा १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले तोकिए बमोजिम बीमा गर्नु पर्ने गरी सम्झौता गरे पनि वीमा गरेको प्रमाण नै लिने गरेको देखिएन । जसबाट निर्माण कार्यको जोखिम न्यूनीकरण गर्न ऐन नियमको मनसाय अनुसार कार्य भएको पाईएन । दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्दा त्रुटी सुधार गर्ने अबधिसम्मका लागि बीमा गर्ने गराउने व्यबस्था गरी त्यसको प्रमाण लिने व्यबस्था हुनुपर्दछ । | |
| १९.२ | | | **क) कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>**क) म्याद थप**-<br>सम्झौता कार्यान्वियन सम्बन्धमा सम्झौताको शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीको माग बमोजिम म्याद थप स्वीकृत गरेको देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीको निबेदन बमोजिम कारण मनासिब ठहर्‍याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |
| १९.३ | | | **गुणस्तर परीक्षण**-<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने व्यवस्था अनुसार आवश्यक कार्यको परीक्षणका लागि छुट्टै आइटम बनाई भुक्तानी समेत गर्ने गरेको छ । केही ठेक्कामा भुक्तानी प्रयोजनका लागि गुणस्तर परीक्षणका प्रमाण लिए पनि अधिकाँश ठेक्कामा गुणस्तर परीक्षणको प्रमाण लिएको देखिएन भने परीक्षण गरि प्रमाण पेश गरेका ठेक्का प्याकेजमा पनि के कति संख्या र समयमा गुणस्तर परीक्षण गरिनु पर्ने हो, सो अनुसार गरे नगरेको अनुगमन मुल्यांकन गरेको देखिएन । त्यस्तै गुणस्तर परीक्षण गर्दा के कस्ता आइटमको कार्यालयबाट र वाहिरीवाट गरिने स्पष्ट गरेको छैन ।तसर्थ गुणस्तर परीक्षणको व्यवस्था गर्दा आवश्यक ठानिएका कार्यको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने र परीक्षण गर्दा गराउँदा सकेसम्म कार्यालयबाटै नमुना लिई परीक्षण गर्दा गराउदा भरपर्दो र बिश्वसनीय हुने तर्फ ध्यान जान आबश्यक देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.४ | | | **सूचनाको प्रमाण -**<br>सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माणस्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । यस कार्यालयबाट यस आर्थिक बर्षमा निर्माण गरिएका स्थानमा उपरोक्त अनुसार सुचना राखेको प्रमाण लिइ राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| १९.५ | | | **क) सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमका कार्यहरु निरन्तर सन्चालन गरी सार्बजनिक जिम्मेबारी प्रबर्धनलाई बढावा दिनुपर्दछ ।<br>**ख) समयावधि र कार्यतालिका -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन ।<br>ठेक्का सम्झौता गर्दा कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्न लगाउनु पर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गराउनु पर्दछ ।यस कार्यालयले अधिकाश ठेक्कामा सो अनुसार गरेको नदेखिएकोले ठेक्का सम्झौता अनुसारको लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्दै तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| २० | | | **सार्वजनिक सम्पतिको संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| २१ | | | **पदाधिकारी सुविधा-**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.१ करोड १९ लाख १ हजार सुविधा वापत भुक्तानी भएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>आर्थिक सहायता-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको छैन । पालिकाले अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई रु.१९४०५००।– नगद बाँडेको देखियो । नगरपालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि बनाई बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ब्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु.</td><td>१,९४०,५००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>शिक्षक ग्रेड बढी भुक्तानी-<br>शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक कितावखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्नेमा नगरपालिकाको २०७७ को शिक्षकको पारित तलवि प्रतिवेदन अनुसार देहायका विद्यालयका शिक्षकहरुको मासिक ग्रेडभन्दा बढी ग्रेड निकासा दिएकोले बढि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>पारित ग्रेड</th><th>भुक्तानी ग्रेड</th><th>ग्रेड दर</th><th>बार्षिक बढि रकम</th></tr>
<tr><td rowspan="2">अमर मावि वनबेहडा</td><td>उजिर सिंह कुवर</td><td>६</td><td>७</td><td>८८७</td><td>१२५९५</td></tr>
<tr><td>नवराज उपाध्याय</td><td>६</td><td>७</td><td>८८७</td><td>१२५९५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२५१९०</td></tr>
</table></td><td>२५,१९०</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>शैक्षिक गुणस्तर-<br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनोट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि नगरपालिकाको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन-<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार विद्यालयसँग सम्झौता भए पछि पहिलो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत अनुदान दिने, संरचना (Structural Part) को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कूल अनुदान रकमको ५० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रूपमा कूल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने तथा विद्यालयको भौतिक पूर्वाधार कार्य आर्थिक बर्षको असार १५ सम्ममा कार्य सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट देहायका विद्यालयलाई २ कोठे भवन निर्माणका लागि गएको अनुदानको पुरै अंश भुक्तानी गरी सकेकोमा हाल सम्म कार्य सम्पन्न भएको नदेखिएकोले कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>पशुपति मावि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>शिवालिक आवि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६०००००</td></tr>
</table></td><td>३,६००,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अनुदान मापदण्ड तयार नगरेको-<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालय लाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा ४२ वटा विद्यालयहरु रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन ।नियममा भएको व्यवस्थाको पालनामा नगरपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **राजश्व-**<br>**क) निरीक्षण नभएको** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्था यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त भई कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।<br><br>**ख)राजश्व दाखिला** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । उक्त व्यहोरा अनुसार अशुल भएको राजश्व दाखिला गरेको एकिन गर्नका लागि राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता म ले प फा नं १०६ र राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोस्वारा खाता म ले प फा नं १०७ मा दैनिक पोष्टिङ्ग गर्नु पर्नेमा दैनिक पोष्टिङ्ग गरेको देखिदैन । यस्तो अबस्थामा अशुल गरिएको राजश्व समयमा दाखिला नगरेको अबस्थामा जरिवाना समेत गणना गरी दाखिला भएको छ भन्ने अबस्था छैन ।यसमा सुधारका लागि तोकिएका सबै म ले प फाराममा तोकिए अनुसार पोष्टिङ्ग गर्ने र समयमा दाखिला नगरेको अबस्था जरिवाना समेत अशुल गर्ने व्यबस्था गर्नु पर्दछ । | |
| २८ | | | **नदीजन्य पदार्थ-** | |
| २८.१ | | | नगर कार्यपालिकाको २०७८।०६।०६ को निर्णय बमोजिम गठित छानविन समितिले नगरपालिकामा रहेका पाँच नदीबाट 2077/78 मा नदीजन्य पदार्थ ढुङगा, गिट्टी, बालुवा ग्रावेल संकलन कार्य पटक पटक बोलपत्र आव्हान गर्दा कुनै व्यबसायीबाट बोलपत्र प्राप्त नभएकोले अमानतबाट राजश्व संकलन गरी दाखिला गरेको विषयमा यस कार्यपालिका एक सदस्यको संयोजकत्वमा ७ सदस्यीय एक अध्ययन टोली गठन गरेकोमा टोलीले पेश गरेको प्रतिबेदन परीक्षण गर्दा मुख्यरुपमा निम्न व्यहोरा उल्लेख गरेको छ ।<br>**क)** राजश्व संलन गर्न प्रयोग भएका ३३ रसिदलाई केरमेट गरि रु.७००. लाई रु. ४००. बनाएकोले रु.९,९००।- राजश्व कम दाखिला भएको, हराएको ६ ठेली भनी बिना आधार प्रति ठेली रु.१६ हजारका दरले राजश्व जम्मा गरेको, कुल प्रयोग भएका रसिदमध्ये २०७ अफिस कपीमा कार्वन नराखी रसिद काटेको, ३ थान हस्तलिखित नगदी रसिद बनाई प्रयोग गरेको, कतिपय रसिदमा नगरपालिकाको छाप नरहेकोले अन्य रसिदसमेत प्रयोग भएको अबस्था रहे पनि २०७८/०७/२८ सम्म रु.६३,८१,७७०।मात्र दाखिला भएको तर अनुसन्धानका क्रममा प्राप्त प्रमाण तथा तथ्यका आधारमा रु. ९५,८१,७५०। राजश्व संकलन हुनुपर्ने देखिन्छ भनि प्रतिबेदन दिएको छ ।उल्लेखित व्यहोराका आधारमा घटी संकलन भएको रु.३१,९९,९८०। को को बाट अशुल गर्ने एकिन नगरेकोले थप छानविन गरी उक्त रकममा अशुल गर्नुपर्ने मु अ कर तथा प्रचलित कानुन अनुसार लाग्ने अन्य शुल्क,थप दस्तुर, व्याज तथा जरिवानासमेत असुल गर्नु पर्दछ । | ३,१९९,९८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.२ | | | आ.व.२०७७/७८ मा नगरपालिकाले लिखित सम्झौता गरी नदिजन्य पदार्थको राजश्व संकलन गर्न खटाईएका राजश्व संकलनकर्ताले ३२ ठेलीबाट प्राप्त हुनुपर्ने राजश्व रकम दाखिला नगरेकाले निजहरुलाई ७ दिनको समय तोकी राजश्व दाखिला गर्न लगाउने यसका लागि निजहरुले नै १ ठेलीको रु.१६,०००। का दरले बुझाएको आधार मान्दा पनि न्युनतम रु ५,१२,०००। रकम राजश्व बुझाउनु पर्ने देखिन्छ भनि उल्लेख गरेकोले यस सम्बन्धमा थप छानविन गरी मु अ कर तथा प्रचलित कानुन अनुसार लाग्ने अन्य शुल्क,थप दस्तुर, व्याज तथा जरिवानासमेत असुल गर्नु पर्दछ । | ५१२,००० |

| क्र.स. | संकलन कर्ताको नाम | ठेगाना | नबुझाएको ठेली संख्या | न्युनतमरुपमा हुने रकम |
|---|---|---|---|---|
| १ | लाल बहादुर बुढा | गौरीगङ्गा न पा १ | १२ | १९२०००। |
| २ | रन बहादुर नेपाली | गौरीगङ्गा न पा ३ | ८ | १२८०००। |
| ३ | सागर वि क | गौरीगङ्गा न पा ५ | ३ | ४८०००। |
| ४ | महासिंह धामी | गौरीगङ्गा न पा ९ | ९ | १४४०००। |
| | जम्मा | | ३२ | ५,१२,०००। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>वडाहरुले प्रमाणित गरेको २०,००० घनमिटर नदिजन्य बस्तु संकलन गरी मौज्दात राखेको भनि उल्लेख गरे पनि निम्न अनुसारको नामावली सहितको विबरणको प्रतिबेदन दिएको छ ।
<table>
<tr><th>क्र स</th><th>स्टककर्ताको नाम</th><th>स्टक स्थान गौरीगंङ्गा न पा</th><th>परिमाण</th><th>अशुल गर्नुपर्ने मु अ कर बाहेक</th></tr>
<tr><td>१</td><td>तोयनाथ पोखरेल</td><td>वडा नं ४ राजिपुर</td><td>ढुङ्गा ५० घनमिटर</td><td>३७५०</td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">छविलाल कडेल</td><td rowspan="3">वडा न ४ राधाकृष्ण मन्दिर र निजको घर नजिक</td><td>ढुङ्गा ५०० घनमिटर</td><td rowspan="3">७१२५०</td></tr>
<tr><td>बालुवा १५० घनमिटर</td></tr>
<tr><td>ग्राभिल ३०० घनमिटर</td></tr>
<tr><td>३</td><td>भुवन प्रतिभा जे. भि.</td><td>वडा न ४ खानेपानी नजिक</td><td>ग्राभिल २०० घनमिटर</td><td>१५०००</td></tr>
<tr><td>४</td><td>भानुराम चौधरी</td><td>वडा न ३</td><td>ढुङ्गा १०० घनमिटर</td><td>७५००</td></tr>
<tr><td>५</td><td>घनश्याम ओझा</td><td>वडा न ३</td><td>ढुङ्गा २०० घनमिटर</td><td>१५०००</td></tr>
<tr><td>६</td><td>दिनेश भट्ट</td><td>वडा न ३</td><td>ढुङ्गा १०,००० (दश हजार) घनमिटर</td><td>७५०००</td></tr>
<tr><td>७</td><td>कृष्ण देउवा</td><td>वडा नं. ७</td><td>ढुङ्गा ८००(आठ सय) घ.मि. (अन्दाजी)</td><td>६००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२३०० घनमीटर</td><td>९२२५००</td></tr>
</table>
उल्लेखित व्यहोरा अनुसारका व्यक्तिले संकलन गरी राखेको मौज्दात वडा कार्यालयबाट प्रमाणित गरेकोले संकलनकर्तालाई खरिद गरेको प्रमाण पेश गर्न १५ दिनको समयावधी तोकी पत्राचार गर्ने र सो समयभित्र पनि प्रमाण पेश नगरे कानून बमोजिम सार्वजनिक सम्पतीको दुरुपयोग तथा कर छली सम्बन्धी कसुरमा कारवाही अगाडी बढाई मौज्दातका आधारमा तिर्नुपर्ने राजश्व रकम असुल-उपर गर्नु/गराउनु पर्ने भनि उल्लेख गरेको भए पनि लेखापरीक्षण समय सम्म पनि अशुल नगरेकोले नगरपालिकाले निर्धारण गरेको प्रति घनमिटर रु.७५।का दरले गणना गर्दा हुने रकम थप छानविन गरी मु अ कर तथा प्रचलित कानुन अनुसार लाग्ने अन्य शुल्क,थप दस्तुर, व्याज तथा जरिवानासमेत असुल गर्नु पर्दछ ।</td><td>९२२,५००</td></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>प्रतिबेदनमा २०००० घनमिटर भने पनि नामावली उपलव्ध गराउँदा १२३०० घनमीटरकोमात्र उपलव्ध गराएकोले बाँकी ७७०० घन मिटरको हुने रकम को बाट अशुल गर्ने एकिन गरेको छैन । यस सम्बन्धमा थप छानविन गरी प्रति घनमिटर रु.७५।का दरले गणना गर्दा हुने रकममा मु अ कर तथा प्रचलित कानुन अनुसार लाग्ने अन्य शुल्क,थप दस्तुर, व्याज तथा जरिवानासमेत असुल गर्नुपर्ने रु.</td><td>१,०८७,८००</td></tr>
</table>

| क्रम २८५ | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम २४९,२६४ |
|---|---|---|---|---|

**क)** बिभिन्न नदीबाट शिव कुवरले २५६ टिपर ग्रावेल आफ्नो प्रयोजकालागि लगेको भए पनि ८९ थान रसिदमात्र उपलब्ध गराएको उल्लेख छ । बाँकी १६७ टिपरको कति राजश्व अशुल गर्नुपर्ने हो खुलाएको छैन । यस सम्बन्धमा छानविन गरी उक्त संख्याको टिपरले उठाएको परिमाण एकिन गरी त्यसमा लाग्ने मु अ कर तथा प्रचलित कानुन अनुसार लाग्ने अन्य शुल्क,थप दस्तुर, व्याज तथा जरिवानासमेत अशुल गर्नु पर्दछ ।





**ख)**प्रतिबेदनले कार्यालयका शाखा प्रमुखको सिफारिसमा गर्नुपर्ने बिकास निर्माण कार्यको बिल भुक्तानीको सिफारिस सहायक कर्मचारीबाट गराएर भुक्तानी दिने गरेकोले शाखा प्रमुखलाई नै जिम्मेवार बनाउने गरी काम हुनुपर्ने, नदिजन्य प्रदार्थको उत्खननका सम्बन्धमा अनुगमन तथा मुल्याँङ्कनको व्यबस्था हुनुपर्ने, ई-हाजिरी प्रणाली अनिवार्यरुपमा प्रयोगमा ल्याउनु पर्ने, वार्षिक खरिद योजना बनाएर कार्यालयलाई आवश्यक सामान तथा सेवा प्रतिस्पर्धाको आधारमा खरिद गर्नु पर्ने, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण ओ एण्ड एम को आधारमा करार कर्मचारी भर्ना गर्नुपर्ने, कार्यालय प्रमुखको लिखित अनुमतिमामात्र भारी सवारी साधनहरु परिचालन गरिनु पर्ने लगायतका सुझाबहरु दिएको छ । प्रतिबेदनमा औंल्याएका व्यहोरालाई कार्यान्वयन गर्दै नगरपालिकाको समग्र सेवा प्रबाहलाई बिश्वसनिय र प्रभाकारी बनाउनु पर्दछ ।

**ग)**नगरपालिकाले नगर क्षेत्रभित्र रहेका पाँच वटा नदिहरुमा राजश्व संकलन गर्नका लागी १० जनालाई संकलित राजश्वको २० प्रतिसत रकम पारिश्रमिक स्वरुप प्रदान गर्ने गरी राजश्व संकलनकर्ताको रुपमा नियुक्त गरेको उल्लेख छ । संकलन गर्ने व्यक्तिको योग्यता र छनौटका आधार के हुने खुलाएको छैन ।यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिएको देखिदैन ।यस्तो अबस्था निजहरुले बुझेको रकममा कर कट्टा गरेको पनि देखिएन ।लेखापरीक्षण समयसम्म कस कसले कति पारिश्रमिक बुझिलिए एकिन नभएको तथा नियुक्ति पाएको १० जना भने पनि नियुक्ति पाएका र नगदी रसिद बुझेका व्यक्तिको गणना गर्दा १२ जना देखिएको छ । कार्यालयबाट उपलब्ध अशुली स्थिति अनुसार निम्न व्यक्तिले निम्न अनुसारको रकम यस कार्यालयमा बुझाएको भनि जानकारी प्राप्त भएकोले बुझाएको रकममा आधारमा हुने २० प्रतिशत रकममा लाग्ने कर रु.२४९२६४।०३ र सो करमा लाग्ने थप शुक्क तथा जरिवानासमेत गणना गरी संघिय राजश्व खातामा दाखिला हुनु पर्दछ ।

| क्र सं | संकलकको नाम | बुझाएको राजश्व | २० प्रतिशतले हुने रकम रु | कर रकम रु |
|---|---|---|---|---|
| 1. | ज्ञानेन्द्र बहादुर के सी | ३७१५७६०। | ९२८९४०। | १३९३४१। |
| 2. | रबिन्द्र शाही | २१४४००। | ५३६००। | ८०४०। |
| 3. | रन बहादुर नेपाली | ११९३२००। | २९८३००। | ४४७४५। |
| 4. | बिनोद श्रेष्ठ | ३९४३५०। | ९८५८७।५० | १४७८८।१२ |
| 5. | लाल बहादुर बुढा | ९८१९७१। | २४५४९२।७५ | ३६८२३।९१ |
| 6. | सागर बि क | १४७३६०। | ३६८४०। | ५५२६। |
| 7. | झकेन्द्र राज बिनाडी | नखुल्ने | नखुल्ने | नखुल्ने |
| 8. | | | | |

| | | | | |
|---|---|---|---|---|
| | नबराज जोशी | नखुल्ने | नखुल्ने | नखुल्ने |
| 9. | महासिँह धामी | नखुल्ने | नखुल्ने | नखुल्ने |
| 10. | योगेन्द्र बम | नखुल्ने | नखुल्ने | नखुल्ने |
| 11. | भरत थापा | नखुल्ने | नखुल्ने | नखुल्ने |
| 12. | कुबेर शाही | नखुल्ने | नखुल्ने | नखुल्ने |
| | जम्मा | ६६४७०४१। | १६६१७६०।२५ | २४९२६४।०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.६ | | | मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३११७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेको छ ।तर यस कार्यालयले नदिजन्य पदार्थबाट अशुल गरेको रकम रु. ६६,४७,०८१।मा अशुल गरी दाखिला गर्नुपर्ने मुल्य अभिबृद्धि कर रु.८,६४,१२०।- दाखिला गरेको नदेखिएकोले कानुन बमोजिम दाखिला गर्नुपर्ने रु. | ८६४,१२० |
| २८.७ | | | छानबिन गरी दिएको प्रतिबेदनले उल्लेखित व्यहोरा समाबेश गरी प्रतिबेदन दिए पनि यस पालिकाको कार्यक्षेत्रबाट नदीजन्य पदार्थ संकलन गर्न अनुमति दिएका व्यक्तिले नगरपालिकाबाट प्रमाणित गरी दिएका नगदी रसिदका अतिरिक्त अन्य नगदी रसिद छपाई गरी प्रयोग गरेको, कम्प्युटरबाट प्रिन्ट गरी प्रयोग गरेको, एकै पायडका नगदी रसिद पनि फरक फरक साईजमा देखिएकोले एकै नम्बरका नगदी रसिद दुई वा सो भन्दा बढी संख्यामा छपाई गरी प्रयोग गरेको भन्ने अबस्था रहेकोले यसै पालिका र अन्य छिमेकी पालिकाबाट निर्माण कार्य गराएका उपभोक्ता समितिहरुले पेश गरेको नदीजन्य पदार्थ खरिदका बिलबाट देखिएको छ । यसै सम्बन्धमा पालिकाबाट गठन भएको अध्ययन टोलीले आफ्नो पालिका भित्रमात्र सिमित रहि छानबिन गरेकोले अन्य स्थानीय तहमा के कस्ता रसिद प्रयोग गरी भुक्तानी दिएका छन भन्ने सम्बन्धमा कुनै सोधनी र सहकार्य गरेको देखिदैन ।यस सम्बन्धमा अन्य सरोकारवाला निकाय र व्यक्तिसमेत समाबेश गरी छानबिन गरेमामात्र थप राजश्व अपचलनको जानकारी आउन सक्ने अबस्था रहेको छ ।यसमा ध्यान जान आबश्यक छ । उदाहरणका लागि नगदी रसिदका किसिमहरु यसप्रकार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | <br> | <br><br>गौरीगंगा नगरपालिका<br>नगर कार्यपालिकाको कार्यलय<br>चौमला, कैलाली<br>बि.नं. 27 मिति 2078/02/10<br>नगद/प्राप्ती रसिद | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>
कोभिड कोष आयव्यय-<br>
कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ।
<table>
<tr><th>आम्दानीको विवरण</th><th>रकम</th><th>खर्चको विवरण</th><th>रकम</th></tr>
<tr><td>गत बर्षको मौज्दात</td><td>६९९२५</td><td>राहत वितरण</td><td>३३०००००</td></tr>
<tr><td>संघीय संचित कोष</td><td>१००००००</td><td>क्वारेण्टिन व्यवस्थापन</td><td>५३८२३१६</td></tr>
<tr><td>प्रदेश संचित कोष</td><td>०</td><td>आइसोलेसन व्यवस्थापन</td><td>८५५५१८</td></tr>
<tr><td>आन्तरिक स्रोत</td><td>१८२९५८२४</td><td>जोखिम भत्ता</td><td>0</td></tr>
<tr><td>संघीय कोभिड कोष</td><td></td><td>औषधि एवं स्वास्थ्य सामग्री</td><td>७२८३४८५</td></tr>
<tr><td>अन्य</td><td>१४९००००</td><td>अन्य</td><td>२३६५३०३</td></tr>
<tr><td></td><td></td><td>मौज्दात</td><td>१६६९१२७</td></tr>
<tr><td>जम्मा</td><td>२०८५५७४९</td><td>जम्मा</td><td>२०८५५७४९</td></tr>
</table>
पालिकाले कोभिड नियन्त्रण कार्यका रु.७२८३४८५।- को औषधी एवं स्वास्थ्य सामग्रीसमेतका बस्तु तथा सेवा सोझै खरिद गरेको छ । खरिदमा खर्च गर्दा सोझै नगरी प्रतिस्पर्धाको माध्यमबाट गराउन ध्यान जान आवश्यक देखिन्छ ।
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
पेश्की व्यवस्थापन-<br>
क) सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।
</td><td>१,५००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **ख)** उपभोक्ता समितिहरुमार्फत् कार्यान्वयनमा ल्याईएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षभित्र फछ्यौंट नहुने गरी पेश्की समेत उपलब्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिएको देखिन्छ।<br>**ग) पेश्की फछ्यौंटः**<br>पेश्की दिएको रकम म्यादभित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु.१४२५८४८४।– तथा म्याद नाघेको पेश्की रु.१५०००००।- समयमा फर्छयौट गर्नु गराउनु पर्ने देखिएको छ । | |

| सि. नं. | विवरण | पान नं. | रकम |
|---|---|---|---|
| | **म्याद ननाघेको पेश्की** | | |
| १ | मेल्टा कन्स्ट्रक्सन | | ६१६००० |
| २ | मेल्टा कन्स्ट्रक्सन | | ४४७००० |
| ३ | जि एण्ड जे निर्माण सेवा | | ३८१४८५ |
| ४ | न्यू कुमारी कन्स्ट्रक्सन | | ४२८००० |
| ५ | न्यू कुमारी कन्स्ट्रक्सन | | ३४२००० |
| ६ | न्यू कुमारी कन्स्ट्रक्सन | | ४३२००० |
| ७ | न्यू कुमारी कन्स्ट्रक्सन | | ४२८००० |
| ८ | न्यू कुमारी कन्स्ट्रक्सन | | २१४००० |
| ९ | न्यू कुमारी कन्स्ट्रक्सन | | ४२८००० |
| १० | न्यू कुमारी कन्स्ट्रक्सन | | ४२८००० |
| ११ | न्यू कुमारी कन्स्ट्रक्सन | | २५७००० |
| १२ | न्यू कुमारी कन्स्ट्रक्सन | | ४२८००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | |
|---|---|---|---|
| १३ | जि एण्ड जे निर्माण सेवा | | २३२००० |
| १४ | एन.पि. एस. निर्माण सेवा | | २९७००० |
| १५ | राजेन्द्र निर्माण सेवा प्रा.लि. | ३०१२५००३२ | ८९००००० |
| | जम्मा | | १४२५८४८४ |
| | **म्याद नाघेको पेश्की** | | |
| १ | त्रिवेणी युवा क्लव | | ६००००० |
| २ | श्री बेताल प्राथमिक विद्यालय | | ३००००० |
| ३ | श्री बेताल प्राथमिक विद्यालय | | ३००००० |
| ४ | श्री कालिका आधारभुत विद्यालय | | ३००००० |
| | जम्मा | | १५००००० |

३१

**भवन निर्माण-**

यस कार्यालयले यस पालिका अर्न्तगत निम्न अनुसारका भबन बनाउने सम्झौता गरी काम गराएको छ ।

| क्र.स. | योजना तथा कार्यक्रको नाम | फर्म / संस्था | लागत अनुमान | कबोल अंक | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| 1. | वडा कार्यालय भवन निर्माण वडा नं.-१ | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. | 7257785.59 | 3967461.04 | 8/19/2077 | 8/18/2078 |
| 2. | वडा कार्यालय भवन निर्माण वडा नं.-२ | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. | 7257785.59 | 3967461.04 | 8/19/2077 | 8/18/2078 |
| 3. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-१ | विष्णु निर्माण सेवा | 6799430.4 | 4790442.49 | 3/12/2077 | 3/30/2078 |
| 4. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-3 | जि.एण्ड जे. निर्माण सेवा, | 3754548.94 | 2481596.38 | 3/7/2077 | 3/30/2078 |
| 5. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-4 | थापा निर्माण सेवा, बुढाकोट | 6799430.4 | 4646586.15 | 3/4/2077 | 3/30/2078 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-6 | जि.एण्ड जे. निर्माण सेवा, | 6799430.4 | 4547214.91 | 3/7/2077 | 3/30/2078 | |
| 7. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-7 | आशिष निर्माण सेवा, | 6799430.4 | 4868629.05 | 3/7/2077 | 3/30/2078 | |
| 8. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-8 | आशिष निर्माण सेवा, | 6799430.4 | 4870596.38 | 3/12/2077 | 3/30/2078 | |
| 9. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-10 | जय श्री बाराही अजीमा निर्माण सेवा, | 3754548.94 | 3069338.48 | 3/12/2077 | 3/30/2078 | |
| 10. | आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण वडा नं.-11 | थापा निर्माण सेवा, बुढाकोट | 3754548.94 | 2571235.43 | 3/4/2077 | 3/30/2078 | |
| 11. | नगरपालिकाको प्रशासकीय भवन | शनिदेव उच्चकोटी जे.भि. | 75411237.6 | 51202315.6 | 2/26/2077 | 8/25/2078 | |
| 12. | १५ सैया अस्पताल निर्माण | राजेन्द्र निर्माण सेवा प्रा.ली. | 201623790 | 101749818.4 | 2/26/2078 | 2 वर्ष | |

उल्लेखित भवन बनाउदा भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआवजा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले उक्त स्थानमा घर बनाउने जग्गाको व्यबस्थापन नै नगरी यस कार्यालयको नाममा दर्ता नै नभएको सार्बजनिक जग्गामा बिभिन्न भबन बनाउने सम्झौता गरी निर्माण कार्य गराइरहेको पाइयो । यस्ता कार्य प्रचलित कानून विपरित हुने हुँदा कानूनी प्रकृया पुरा गरी नगरपालिकाको स्वामित्व भएको जग्गामा मात्र भबन बनाउने व्यबस्था हुनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **अस्पताल भवन निर्माण-**<br>लागत अनुमान रु.१६,६३,१३,५९१।४४ भएको यस नगरपालिकामा (ठेक्का नं GGM/Works/NCB/24/077/78) १५ शैयाको अस्पताल बनाउने कार्यका लागि बोलपत्र आव्हान गरेकोमा प्राप्त इ बिडिङ्गमध्ये सबै भन्दा घटी कवोल रु.१०,१७,४९,८१८।८० गर्ने राजेन्द्र निर्माणसँग सम्झौताको दुई बर्ष अर्थात २०८०।२।२५ सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।२।२६ मा ठेक्का सम्झौता गरेको देखिन्छ ।उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:<br>**क)** लेखापरीक्षण समय २०७८ माघमा सम्झौता भएको ७ महिना अर्थात २९ प्रतिशत समय सकिन लागि सके पनि निर्माण कार्य शुरु नगरेकोले प.स.२०७८।०७९ च.नं.१२२४ मिति २०७८।९।१३ को पत्रबाट सम्झौतामा पेश गरेको कार्य योजना (Work Schedule Plan) प्रतिबद्धता अनुरुप निर्माण कार्य हाल ७ (सात) महिना पुग्दासम्म पनि संचालन भएको नदेखिएको र मिति २०७८/०३/०८, २०७८/०६/०६/ र २०७८/०८/१६ मा ताकेता गर्दा पनि कुनै सुनुवाई नभएकोले साइट मोबिलाईजेसन नै नभईसकेको हुँदा कार्ययोजना (Work Schedule Plan), Quality Assurance Plan (QAP) र यस कार्यालयबाट भुक्तानी लिएको मोबिलाईजेसन रकमको खर्च सम्बन्धि बिस्तृत विवरण यथाशिघ्र पेश गरी निर्माण कार्य समेत सन्चालन गर्न हुन अनुरोध छ पत्र पठाएको भए पनि काम शुरु भएकोको पाइएन ।समयमा काम शुरु नगरे पनि समयमा काम सकिने स्थिति नभए पछि कोभिड लगायत अनेक समस्या देखाएर निर्माण अबधि थप गर्नु पर्ने, मुल्य समायोजन लगायतका कारणले लागत र समय बढन गई अस्पतालबाट प्रवाह हुने स्वास्थ्य सेवामा असर पर्ने हुँदा समयमा काम शुरु नगरेको व्यहोरा मुल्य समायोजन तथा म्याद थप गर्ने अबस्था आए यस व्यहोरालाई ध्यान दिने व्यबस्था हुनुपर्दछ ।<br>**ख)** निर्माण व्यबसायीसँग २०७८।२।२६ देखि २०८०।२।२५ सम्म निर्माण अवधि रहने गरी ठेक्का सम्झौता भएकोले सो अवधि सहित त्रुटी सुधार गर्ने अवधिसम्म बहाल रहने काम, कामदार र औजार सहितको बीमा गरेको कागजात पेश गर्नुपर्ने व्यबस्था भए पनि हालसम्म पेश गरेको छैन । यस्तो अबस्थामा निर्माण अबधिमा कुनै भवितव्य परेमा बिमाबाट क्षतिपूर्ति लिन कठिनाई हुने हुँदा बीमा गर्नुको उदेश्य पुरा हुने गरी वीमा गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।<br>**ग)** सार्बजनिक खरिद ऐन,२०६३ को दफा ५२क. बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चान आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सकिने व्यबस्था छ। पेश्की दिँदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधार दिन सकिने । यसरी दिएको पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैक खाता मार्फत मात्र भुक्तानी हुने । आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरीसक्नु पर्ने र पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी उपलब्ध गराउनु पर्ने व्यबस्था छ । उक्त व्यबसायी रु.८९,००,०००। मोबिलाईजेसन पेश्की लिएको छ । लेखापरीक्षण टोलीले २०७८ माघ ११ मा निर्माणस्थलको अबलोकनमा जाँदा निर्माणस्थलमा कुनै निर्माण सामाग्री नलगेको र निर्माणसम्बन्धि कुनै काम शुरु गरेको पाइएन । सम्झौता अनुसार लिएको पेश्की उल्लिखित प्रकृया पुरा गरी सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैङ्क जमानत जफत हुने उल्लेख छ । यस्तो प्रकारले पेश्की दिने र पेश्की लिएर काम सुरु नै नगर्ने कार्य मनासिब देखिएन । यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |
| ३३ | | | **स्यानीटरी प्याड-**<br>सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड खरिद गरी बितरण गर्नका लागि कुल रु.४३,११,०००। बजेट व्यबस्था भएकोमा खरिद कार्य नै शुरु नगरेकोले काम सम्पन्न हुन सकेको देखिएन । प्राप्त बजेटबाट समयमै खरिद गरी बितरण नगर्नु मनासिब देखिएन । आगामी बर्षबाट यस्ता कार्यक्रम समयमै संचालन गरी बितरण गर्ने व्यबस्था हुनु पर्दछ । यस सम्बन्धमा गत बर्ष कै मौज्दात हालसम्म पनि रहेकोले बितरण भइ नसकेकोले खरिद नगरिएको भनाइ कार्यालयको रहे पनि उक्त सामानको जिन्सी अभिलेख लेखापरीक्षण समयमा पेश भएन । निश्चित अबधि भित्र प्रयोग गरिसक्नु पर्ने सामान बितरण हुन नसक्ने गरी खरिद गरि मौज्दात राख्ने कार्य मनासिब देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| | | | | |

| ३४ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **परामर्श सेवा-** पालिकाको कार्यालयले यस आर्थिक बर्षमा निम्न कार्यका लागि कार्यालयमा सूचिकृत परामर्शदाता फर्मबाट प्राबिधिक तथा आर्थिक प्रस्ताब माग गरी आर्थिक तथा प्राबिधिक प्रस्ताबमा उच्च अंक पाएको फर्मसँग सम्झौता गरी परामर्शको काम सम्पन्न भएको जनाएको छ । आ ब २०७७।७८ मा खरिद गरिएको परामर्श सेवा | |

| क्र.सं. | डी पी आरको विबरण | परामर्शदाता | लागत अनुमान | सम्झौता र भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | गौरीगङ्गामा १५ सैया क्षमताको अस्पताल निर्माण | त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रा लि | १९,९९,३५०।८१ | १९,९४,५३६। |
| 2. | भवन निर्माण तथा योजना सम्बन्धि मापदण्ड | कलश इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | ४,९१,६७९। | ४,९१,६७९। |
| 3. | बाटोको कटानी रोक्न संभाव्यता अध्ययन र सुनपाल धार्मिक वन पर्यटकिय क्षेत्र | सुनपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५,००,०००। | ४९९,०००। |
| 4. | खोलानालाको आइ इ इ ( एउटै कार्यक्रमलाई तीन प्याकेजमा काम गराएको ) | यात्रा इन्जिनियरिङ्ग | ४,९९,१९६।७१ | ४,९७,२००। |
| 5. | | दुर्गा इन्जिनियरिङ्ग | ३,१६,६४८।६० | ३,१३,०१०। |
| 6. | | भागेश्वर बिल्डर्स | ४,९९,१९६।७१ | ४,९५,५०५। |
| | | जम्मा | ४३,०६,०७१।८३ | ४२,९०,९३०। |

उक्त परामर्श सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

**क)** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमामात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिसमेत उपयोग गरी काम गराउन सकिने नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरी बाहय परामर्शदातासँग खरिद सम्झौता गरी परामर्श सेवा खरिद गर्दा यो बर्ष पालिकालाई रु. ४२,९०,९३०। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।

**ख)** यसै पालिकाको छिमेकी जिल्लामा रहेको एक न पा ले १५ बेड क्षमताको अस्पताल भवन निर्माणको डी पी आर तयारीको कामको लागि लागि रु. ९ लाख ९८ हजार लागत अनुमान तयार गरी रु.९ लाख ९३ हजारमा काम सम्पन्न गराएको छ । संघीय सरकारको कार्यक्रमबाटै १५ बेड क्षमताका अस्पताल भवन बनाउन यस कार्यालयले बिभिन्न प्रकारका २८७ म्यान डेज लाग्ने भनि रु. १९,९९,३५०।८१ को लागत अनुमान तयार गरी रु.१९,९४,५३६। भुक्तानी दिएर काम सम्पन्न गराएको छ । एकै प्रकृति र कार्यक्रमबाट काम गराउदा दुई निकाय बिचको लागत अनुमानमा ठुलो फरक हुनु मनासिब र नियमित देखिएन । यसमा यथार्थता एकिन गरि प्रमाण पेश हुनु पर्दछ ।

**ग)** परामर्शसेवा लिइ प्रतिबेदन प्राप्त भए पछि कार्यालयको आबश्यकता अनुसार काम सम्पन्न भएको छ छैन जाँच गरी उपयुक्त देखिए प्राप्त प्रतिबेदन अभिलेखमा राख्नु पर्नेमा नराखेको, सम्झौता अनुसार तयार गरेको प्रतिबेदन कार्यालयमा जिम्मेवार व्यक्तिहरु समक्ष डी पी आरका मुख्य व्यहोरा समाबेश गरी प्रस्तुतीकरण गर्ने भनि भुक्तानी दिए पनि प्रस्तुतिकरण गरेको नदेखिएको, प्रस्ताब

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | पेश गर्दा काममा खटिने सबै परामर्शदाताको योग्यता र अनुभब सहितको नामावली पेश गरेमा कामको बिश्वसनियता बढनेमा नाममात्र पनि पेश नगरेको, फिल्डमा काम गरेका परामर्शदाताले सर्बे चरणमा फिल्डमा काम गर्दाका बिभिन्न फोटोहरु पनि समाबेश गरी सर्बे प्रतिबेदन पेश गरेमा प्रतिबेदनको बिश्वसनियता बढनेमा कुनै पनि फोटोहरु पेश गरेको नदेखिएको अबस्था छ । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।<br><br>**घ)** त्रिनेत्र कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रा लि धनगढी, ले १५ सैया क्षमताको प्राथमिक आधारभूत अस्पताल भवनको DPR तयार गरेको भनि भुक्तानी दिइ सके पनि च.नं.९४३ मिति २०७८।७।१३ को पत्रबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गरेको Feedback हरु निम्नानुसार भएकोले यथाशिघ्र सुधार गरि सहजीकरण गरिदिन हुन अनुरोध छ भनि उक्त कन्सल्ट प्रा लि लाई पत्र पठाएको छ ।उक्त पत्रमा स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी मापदण्ड अनुसारको मास्टर प्लान तयार गरी सो प्लानहरुमा Site Area, Orientation, Setback, Spot Level, अस्पताल भवन बनाउन कायम गरिने Ground Level स्पष्ट रुपमा देखाई मापदण्ड अनुरूपको क्यान्टिन, शव गृह (Mortuary), अस्पतालजन्य फोहर व्यवस्थापन क्षेत्र समेत भविष्यमा निमार्ण गर्नका लागि ठाउँ छुट्याई योजना गरिनु पर्ने । साईटको सम्पुर्ण Features (Contour lines, गरिएको Topography Survey Plan पेश गरिनु पर्ने, भवन सहितको Profile Section बनाइ Cutting, Filling र Retaining Wall कता कति आउने हो ? नक्सामा स्पष्ट देखाइनु पर्ने भनि पत्र पठाएकोमा स्पष्ट गरी प्रमाण पेश गरेको पाइएन । अन्तिम भुक्तानी दिँदा उल्लेखित व्यहोरा सम्बन्धमा स्पष्ट भए पछिमात्र भुक्तानी दिनु पर्नेमा उक्त DPR को आधारमा ठेक्कापट्टा प्रकृया समेत शुरु भई सके पछि यस्ता कमी कमजोरी देखिनु मनासिब देखिदैन । यस्ता व्यहोरामा समयमै सुधार गर्ने गराउने प्रणाली स्थापित हुनु पर्दछ ।<br><br>**ङ)** तालिकामा उल्लेखित परामर्शसेवाका लागि मिलेसम्म रु.२० लाखभन्दा बढीको लागत अनुमानका प्याकेज बनाई सार्बजनिक खरिद ऐन,२०६३ को दफा ३० बमोजिम खुल्लारुपमा राष्ट्रियस्तरको पत्रिकामा सूचना गरी काम गराएको भए प्रतिस्पर्धाको लाभ समेत प्राप्त हुन सक्नेमा कार्यालयमा सुची दर्ता भएका भनिएका सीमित संस्थाबाट लागत अनुमान कै हाराहारी भुक्तानी दिएर परामर्श सेवा लिनु मितव्ययीरुपमा गरेको भन्ने अबस्था रहेन । यसमा सुधार हुनु पर्दछ । | |
| ३५ | | | **बढी भुक्तानी-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियमा ३९ अनुसार खर्च गर्दा विल भर्पाई सहित गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यका निर्माण व्यवसायी शनिदेव उच्चकोटी जेभिको तेस्रो रनिङ्ग विल बमोजिम रु.६९२८४३६। मात्रको कार्य सम्पन्न भएकोमा रु.७२५०५४९। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.३२२११२ असुल गर्नुपर्ने रु. | ३२२,११२ |
| ३६ | | | **कार्यसम्पादन जमानत-**<br>सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार ठेक्का सम्झौता गर्दा निर्माण व्यबसायीले पेस गरेको कार्य सम्पादन जमानतको म्याद त्रुटी सुधार गर्ने समय सकिने समयभन्दा थप एक महिना बढीको हुनु पर्ने तथा लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेमा अतिरिक्त जमानत पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको वडा नं ४ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको रु.६७९९४३०। लागत अनुमान भएकोमा बोलपत्रको माध्ययमबाट छनौट भएका निर्माण व्यवसायी थापा निर्माण सेवा,अछामसँग रु.४६४६५८६।१५ मा ठेक्का सम्झौता गर्दा त्रुटी सुधार गर्ने समय सकिने समयभन्दा थप एक महिना बढीको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने सो अनुसार नगरेको र म्याद थप भएकोमा सो समय सम्म जमानतको म्याद थप गर्नुपर्नेमा नगरेको देखिएकोले सम्झौता अनुसार २०७९।३।३० सम्मको रु.७९८७९४।३१ बराबरको जमानत पेश गर्नुपर्ने रु | ७९८,७९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **नगरपालिका प्रशासनिक भवन-**<br><br>नगरपालिकाको नयाँ प्रशासनिक भवन निर्माण व्यवसायी शनिदेव/उच्चकोटि जे.भि सँग मिति २०७७।२।२५ मा रु.५१३७१५६५। मा ठेक्का सम्झौता भई निर्माणाधिन अवस्थामा रहेकोमा यो बर्ष निम्नानुसार रनिङ्ग विल रु.५६६०५१४९। विल पेश भई रकम भुक्तानी भएको पाईयो ।<br><br>गो.भौ.नं/मिति / विवरण / विल रकम / पेश्की फर्छौट:<br>५३,५४।०७७।७।४ / दोस्रो रनिङ्ग विल / ६३७२२८६ / २८०००००<br>११।०७७।९।२७ / तेस्रो रनिङ्ग विल / ७२५०५४९ / ०<br>१९४।०७८।१।१५ / चौथो रनिङ्ग विल प्रथम किस्ता / ८२७५३१ / ४०००००<br>३३।०७८।१।१५ / चौथो रनिङ्ग विल किस्ता किस्ता / ४८२२००० / ०<br>जम्मा / / १९२७२३६६ / ३२०००००<br><br>**क)** भवन निर्माण कार्य मिति २०७८।९।१० भित्र सम्पन्न गरिसक्नु पर्नेमा यस बर्ष चौथो रनिङ्ग विल सम्ममा रु.३०५४३५६१। मात्र । अर्थात करिव ५४ प्रतिशतमात्र काम भएको देखिन्छ । निर्धारित समयभित्र कार्य सम्पन्न नभैसकेको अवस्थामा नियमानुसार म्यादथप पेश्की फर्छौट र जमानतको म्यादथप लगायतका प्रकृया बमोजिम यथासिघ्र भवनको गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने गराउने र सेवाग्राहीलाई सरल तरिकाबाट सेवा प्रवाह गरी लाभान्वित गराउने तर्फ कार्यालय र निर्माण व्यवसायीको तर्फबाट समेत थप पहल हुनु आवश्यक छ ।<br>**ख)** उल्लेखित व्यहोराका आधारमा निर्धारित समयभित्र भवन निर्माण सम्पन्न नभई time over run को स्थिति छ भने सम्झौता बमोजिम समय अन्तरालको कारण निर्माण सामाग्रि (लेवर,मेटेरियल एण्ड ईक्यूपमेन्ट) को मूल्यबृद्धिले गर्दा निर्माण व्यवसायीबाट मूल्यबृद्धि दावि भई प्रथम दोस्रो तेस्रो र चौथो रनिङ्ग विल सम्ममा रु.३८६११३। मूल्यबृद्धि स्वरुप भुक्तानी भैसकेको अवस्था र रनिङ्ग विलहरुमा समेत यस्तो रकम दावि हुने हुँदा थप आर्थिक व्यभार पर्नगई भवनको लागत बढ्ने अर्थात cost over run हुने निश्चित छ । अतः यस्तो हुन नदिन नियमानुसार शिघ्रातिशिघ्र भवन निर्माणकार्य सम्पन्न गराउनु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **ग्राभेल र ह्युमपाइप कार्य-**<br>कार्यालयले विभिन्न वडाका विभिन्न स्थानमा ह्युमपाईप जडान गरेको तथा ग्राभेल खरिद ढुवानी गरेको भनि बर्षान्त तिर निम्नानुसार रकम बजेट खर्च लेखेको छ । कुनकुन स्थानमा ह्युमपाईप र ग्राभेलको काम सम्पन्न भएको हो सोको स्थान र फोटोग्राफ संलग्न नगरी वडाको मागपत्र र प्राविधिकको सिफारिसको आधारमा मात्र उक्त रकम भुक्तानी गरेको पाईयो । बर्षै भरी पटक पटक यस्ता कार्य गराउनुको सट्टा एकमुष्ट रुपमा माग संकलन गर्ने र प्रतिस्पर्धात्मक तरिकाबाट ह्युमपाईप खरिद र केही प्याकेजको रुपमा पायक पर्ने स्थानहरुको ग्राभेलिङ्ग कार्य गराउन सके काम लागतमा बढी काम गर्न सकिने तर्फ विचार नगरी पटकपटक यस्ता कार्य गर्दा खर्च मितव्ययी हुन सकेको देखिएन । अतः कार्यालयबाट यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययी खरिद प्रकृया अवलम्वन गर्नुपर्ने देखिन्छ । यस्ता खर्चका केहि उदाहरण यस प्रकार रहेका छन । | |

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| ११६।०७७।१०।१६ | ह्युमपाईप खरिद र जडान कार्य | १९९७५८७ |
| ३२०।०७८।३।२५ | ग्राभेल खरिद/ढुवानी वडा नं ३ | ३५०००० |
| ३२१ ।०७८।३।२५ | ढुवानी वडा नं ४ | २२५००० |
| ३२२ ।०७८।३।२५ | ढुवानी वडा नं ५ | २९०००० |
| ३२३ ।०७८।३।२५ | ढुवानी वडा नं ६ | २५०००० |
| ३२४ ।०७८।३।२५ | ढुवानी वडा नं ७ | २७०००० |
| ३२५ ।०७८।३।२५ | ढुवानी वडा नं ८ | ३००००० |
| ३२५ ।०७८।३।२५ | ढुवानी वडा नं ८ | २५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **नगरपालिका पूँजीगत खर्च-**<br>नगरपालिका पूँजिगत खर्च तर्फ संघिय सरकार समानिकरण अनुदान,सूदुरपश्चिम प्रदेश सरकार समपुरक अनुदान संघिय सरकार राजस्व वाँडफाड र आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने विभिन्न भवन निर्माण सुधार सडक पुल, विद्युत,सिचाई,खानेपानी तथा सरसफाई अन्य सार्वजनिक निर्माण, लगायतका कामसँग सम्बन्धित विभिन्न योजना एवं कार्यक्रम सञ्चालनार्थथ विनियोजित बार्षिक बजेट रु.२५,०५,१७,८१९। मध्ये रु.१४,४३,०८,३७४। मात्र अर्थात करिव ५७.६ प्रतिशत रकम खर्च भएको छ । कूल खर्च मध्ये रु.१०,६२,०९,४४५। अर्थात करिव ४२.४ प्रतिशत रकम परिचालन हुन नसक्दा सडक तथा पुल अन्य सार्वजनिक निर्माण , आवास भवन निर्माण, खानेपानी संरचना निर्माण, लागायतका विभिन्न निर्माण कार्यमा अपेक्षित प्रगति हासिल हुन नसकेको देखिन्छ । कार्यालयले प्राप्त बजेट परिचालन गर्न नसक्नुको कारणबाट लक्षित कार्यक्रम संचालन नहुदा सेवाग्राही लाभान्वित हुन सकेको देखिएन । अतः पूर्ण क्षमताका साथ प्राविधिकको निरन्तर अवलोकन, अनुगमन र निरिक्षणको माध्यमबाट लक्षित योजना गुणस्तरिय रुपमा समयमै गराई सेवा ग्राहीलाई लाभान्वित गराउनु पर्ने देखिन्छ । | |
| ४० | ५३ | २०७८-३-२८ | **पूर्वनिर्धारित क्षतिपूर्ति-**<br>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२१(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको वडा नं ४ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको रु.६७९९४३०। लागत अनुमान भएकोमा बोलपत्रको माध्ययमबाट छनौट भएका निर्माण व्यवसायी थापा निर्माण सेवा,अछामसँग मिति २०७७।१२।१८ मा कार्य सम्पन्न गर्ने गरी रु.४६४६५८६।१५ मा सम्झौता भएकोमा निर्धारित समयमा काम सम्पन्न हुन नसकेका कारण निज निर्माण व्यवसायीले २०७८।२।३० सम्म म्याद थपको निवेदन पेश गरेकोमा कार्यपालिका बैठकबाट नगरपालिका भित्रका म्याद थप गर्नुपर्ने सवै योजनाहरुको एकमुष्ट ६ महिना सम्मको म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले माग गरेको भन्दा बढी म्यादथप गर्न नमिल्ने हुँदा निर्धारित समयमा काम सम्पन्न नगरी २०७८।३।२० मा विल भुक्तानीको लागि निवेदन पेश गरी २० दिन ढिला काम सम्पन्न गरेको देखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.४११२०। असूल हुनुपर्ने देखिएको रु. | ४१,१२० |
| ४१ | | | **लघु उद्यम कार्यक्रम-** | |
| ४१.१ | ३ | २०७८-३-१८ | नगरपालिकाबाट तयार गरेको उद्यमशिलता विकास सहायता सम्बन्धि कार्यविधि,२०७७ को दफा ४ अनुसार उद्यमशिलता विकासका लागि प्रदान गर्ने सहायताका उद्यम प्रविधिको विकास गर्न आवश्यक प्रविधि तथा सामान खरिदमा लाग्ने कुल रकमको ५० प्रतिशतसम्म अनुगमन समितिको सिफारिसमा प्रदान गर्ने तथा खरिदका विल भर्पाई लेखा शाखामा बुझाउनु पर्ने व्यवस्था छ । नगरपालिकाबाट उद्यम विकासका लागि समितिले छनौट गरेका १३८ वटा सस्था तथा व्यक्तिलाई रु.३०८००००। भुक्तानी भई सोको विल भर्पाई पेश गरेकोमा सोको कर कट्टा गरेको देखिएन । कार्यालयले नियमानुसार लाग्ने कर हिसाव गरी कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा नगरी अग्रिम रुपमा भुक्तानी गरेको देखियो । नियमानुसार लाग्ने कर कट्टा गर्ने तर्फ पालिकाले पहल गर्नुपर्ने । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>गरिवि निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने उल्लेख छ । तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरणमा रु.२४००१२।सिलाई मेसिन खरिद गरी वितरण गरेकोमा कुनै पनि लागत सहभागिता नलिई पुरै अनुदानमा वितरण गरेको देखियो । लागत सहभागिता रु.४८००२। नगरी सत प्रतिशत अनुदानमा वितरण गरेको मनासिव देखिएन । अतः नगरपालिकाबाट यस कार्यक्रमबाट हुने सवै प्रकारका प्रविधि हस्तान्तरणमा विस प्रतिशत सहभागिता असुल गर्नुपर्ने रु.</td><td>४८,००२</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>औषधि खरिद-<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया वेगर औषधिजन्य मालसामान सोझै खरिद गरी रु.८१६९५५८। (अग्रिम कर तथा भ्याट बाहेक) भुक्तानी गरेको छ । खरिद गरेका औषधि उत्पादनको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको (केहि उत्पादको बाहेक), आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्ने गरेको देखिएन । नगरपालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा नियमानुसार बार्षिक खरिद गर्नुपर्ने सामानहरुको योजना तयार गरी एकमुष्ठ खरिद प्रकृया अनुसार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी वितरण गर्न नगरपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सोझै खरिद-<br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ अनुसारको स्थानीय तहको स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका २०७७/७८ ले तोकिएको स्पेसिफिकेशन अनुसारको खरिद गर्नुपर्ने, उक्त झोला स्पेसिफिकेसन अनुसार भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराईमात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट यस बर्ष देहायका निकायबाट सोझै विधिबाट खरिद गरी भुक्तानी दिएकोमा निर्देशिकामा उल्लेखित कुनै पनि व्यहोरा कार्यान्वयन नगरी रु.९९४३६५। को ११०९ थान न्यानो झोला विभिन्न दरमा खरिद गरी भुक्तानी गरेको छ । निर्देशिकाले तोकेको मापदण्डको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखियो ।
<table>
<tr><th>सप्लायर्सको नाम</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>डि.वि.मेडिसिन सेन्टर</td><td>५५०</td><td>८९९।४८</td><td>४९४७१४</td></tr>
<tr><td>श्रीयंस सर्जिमेड</td><td>५५९</td><td>८९३।८३</td><td>४९९६५१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९९४३६५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>तालिमको नर्म्स-<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागिलाई यातायात खर्च दिदाँ २ दिन सम्मको लागि एकमुष्ट रु.२००। र २ दिन भन्दा बढीकोमा एकमुष्ट रु.५००। भुक्तानी दिन सकिने उल्लेख छ । यस नगरपालिकाबाट सञ्चालन भएको देहायका विभिन्न कार्यक्रममा सहभागिलाई नर्म्स भन्दा बढी हुने गरी रु.१७६५००। भुक्तानी गरेको देखियो । कार्यक्रममा निर्देशिका विपरित खर्च गरेको कार्यक्रम संयोजकलाई जिम्मेवार वनाई असुल हुनुपर्ने रु.<br>
<table>
<tr><td>भौ.नं/मिति</td><td>कार्यक्रमको नाम</td><td>सहभागि संख्या</td><td>भुक्तानी दर</td><td>भुक्तानी दिन</td><td>भुक्तानी रकम</td><td>बढी भुक्तानी रकम</td></tr>
<tr><td>८८।०७७।११।१६</td><td>३ दिने बाख्रा पालन तालिम</td><td>३० जना</td><td>३००</td><td>३</td><td>२७०००</td><td>१२०००</td></tr>
<tr><td>१२७।०७८।१।८</td><td>थारु समुदायको लोपोन्मुख पेशा संरक्षण कार्यक्रम</td><td>६० जना</td><td>३००</td><td>७</td><td>६३०००</td><td>३३०००</td></tr>
<tr><td>१४।०७७।१२।१ नपा शिक्षा</td><td>बालविकास शिक्षकका लागि क्षमता विकास तालिम</td><td>६७ जना</td><td>५००</td><td>४/५</td><td>१६५०००</td><td>१३१५००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१७६५००</td></tr>
</table></td><td>१७६,५००</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>बैठक भत्ता-</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५.१</td><td>१५</td><td>२०७८-७-२</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१५) मा तोकेको शीर्षकमा बाहेक अन्य शीर्षकमा दायित्व सिर्जना गर्न नमिल्ने व्यवस्था उल्लेख छ । नगरपालिकाको स्वास्थ्य शाखाको गत आर्थिक बर्षको असार मसान्त सम्मको विभिन्न मितिमा शाखाका नियमित मासिक बैठकको भुक्तानी देहाय अनुसारका कर्मचारीहरुलाई दिएकोले नियमानुसार दायित्व सिर्जना गर्न नमिल्ने शीर्षकमा भुक्तानी गरेकोले यस्तो खर्च नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>कर्मचारीहरुको नाम</th><th>रकम (कर कट्टा पछि)</th></tr>
<tr><td>आशा बराल</td><td>५१००</td></tr>
<tr><td>श्री इश्वरी प्रसाद भुषाल</td><td>५१००</td></tr>
<tr><td>भागिराम चौधरी</td><td>५१००</td></tr>
<tr><td>उमेश भट्ट</td><td>५१००</td></tr>
<tr><td>गोविन्द कुवर</td><td>५१००</td></tr>
<tr><td>प्रदिप ढकाल</td><td>३८२५</td></tr>
<tr><td>सुस्मा चौधरी</td><td>२५५०</td></tr>
<tr><td>दिपक विक</td><td>१२७५</td></tr>
<tr><td>मनोज डगौरा</td><td>१२७५</td></tr>
<tr><td>सरिता चौधरी</td><td>१२७५</td></tr>
<tr><td>जम्मा</td><td>३५७००</td></tr>
</table>
</td><td>३५,७००</td></tr>
<tr><td>४५.२</td><td>४७</td><td>२०७८-३-१४</td><td>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७ को ७.१.१ अनुसार एउटै निकाय र अन्तरगतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता नदिने तथा स्पष्ट विषय बस्तु कार्ययोजना हुनुपर्ने उल्लेख छ । नगरपालिकाको स्वास्थ्य शाखाबाट नियमित शाखाको मासिक समिक्षा बैठक बसे बापत भनि कार्यालयका १७ जनालाई रु.७००। का दरले ५ दिनको रु.४८७९०। भुक्तानी गरेको देखियो । यस्तो कार्यमा नियम सम्मत नदेखिएको रु.</td><td>४८,७९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td>११९</td><td>२०७८-१२-२७</td><td>यातायात खर्च-<br>राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको व्यक्तिगत घटना दर्ता किताव डिजिटाईजेसन कार्यको लागि स्थानीय तहबाट कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन भएकोमा यस नगरपालिकाले सो कार्यको लागि फारवेष्ट टेक्निकल एजुकेशन ईन्टरप्रेनसिप एण्ड भोकेसनल ट्रेनिङ्ग सेन्टर प्रा.लि.सँग नगरपालिका भरिका घटना दर्ता कितावहरुलाई डिजिटाईजेसन गर्ने गरी रु.४६४३०४। मू.अ.कर सहित सम्झौता भएकोमा नगरपालिकाका देहायका सामाजिक परिचालकलाई किताव गणना तथा लेवलिङ्ग गरे वापत भनि २० दिनको रु.५००। का दरले रु. ३००००। यातायात खर्च भुक्तानी भएको देखियो । उक्त कार्यको लागि परामर्शदाता नियुक्ति गरि सकेपछि फेरि दर्ता किताबको पाना संख्या र घटना दर्ता संख्या गणना गरेको खर्च दिन नियम सम्मत नदेखिएको रु.<br>
<table>
<tr><th>सामाजिक परिचालकको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>दिपक लामिछाने</td><td>१००००</td></tr>
<tr><td>जितेन्द्र बहादुर बुढा</td><td>१००००</td></tr>
<tr><td>दिपक कडायत</td><td>१००००</td></tr>
<tr><td>जम्मा</td><td>३००००</td></tr>
</table></td><td>३०,०००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>ग्रेड बढी भुक्तानी-<br>निजामति सेवा ऐन २०४९ को दफा ७ अनुसार निजामति कर्मचारीहरुको तलवि प्रतिबेदन पारित गराएर सो अनुसार तलव भत्ता खर्च लेख्नु पर्ने उल्लेख छ । नगरपालिकाको स्वास्थ्य शाखाका कर्मचारी श्री कल्पना पन्थिको पारित प्रतिवेदनमा ५ ग्रेड जनाईएकोमा निजलाई ६ ग्रेड भुक्तानी गरी १ ग्रेड बढी भुक्तानी गरी रु.१३३४८। बढी भुक्तानी भएको देखियो । नियमानुसार पाउनुपर्ने भन्दा बढी भुक्तानी भएकोले निजबाट असुल गर्नुपर्ने रु</td><td>१३,३४८</td></tr>
<tr><td>४८</td><td>१४</td><td>२०७८-३-२४</td><td>साईकल खरिद-<br>स्वास्थ्य स्वयंसेविकाका लागि बितरण गर्न ७४ थान साइकलको लागि तीन फर्मबाट दरभाउपत्र माग गरी रु.६,९२,९१६।को लागत तयार गरी सिलबन्दी दरभाउ पत्र आव्हान गरेकोमा कुनै दरभाउ प्राप्त नभएकोले पुनः सूचना प्रकासन गरी दरभाउपत्र माग गरेकोमा प्राप्त दुई थानमध्ये सबैभन्दा कमको कवोल पेश गर्ने कृष्ण ट्रेड हाउसबाट रु.६,८८,७९१।५०(मु अ कर समेत) मा खरिद गरी बितरण गरेको छ । लागत अनुमान तयार गर्दा साइकलको स्पेकिफिकेसन तोके पनि प्राप्त भए पछि गुणस्तर बमोजिम भए नभएको एकिन नगरी भुक्तानी दिएको छ ।तोकिए बमोजिम गुणस्तरको भए नभएको एकिन नगरी भुक्तानी दिनु मनासिब देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमतर्फ-**<br>यस कार्यक्रमबाट निम्न अनुसारको कामका लागि यसै बर्ष काम सम्पन्न गर्ने सम्झौता गरी काम सम्पन्न भएका प्रमाण कागजातका आधारमा भुक्तानी खर्च गरेको उल्लेख छ ।<br>(तालिका तल)<br>उक्त काम सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>**क)**आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९. (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ तर माथि क्र.स. १ र २ उल्लेखित उपभोक्ता समितिबाट काम सम्पन्न गरेको भनि पेश गरेका बिल भर्पाइ लगायत कागजात परीक्षण गर्दा सम्झौता हुनुभन्दा २-३ आर्थिक बर्ष अगाबै देखिका बिभिन्न व्यक्तिका नाममा जारी गरेका बिल बिजकसमेत समाबेश गरी भुक्तानी लगेको देखिएकोले उक्त खर्चको बास्तबिकता एकिन गर्न सकिने अबस्था रहेन । यस सम्बन्धमा कार्यालयबाटै यथार्थता एकिन गरी प्रमाण पेश हुनु पर्दछ ।<br>**ख)** तालिकामा उल्लेखित उपभोक्ता समितिले निर्माण काम सम्पन्न गरेको भनि बिल भर्पाइ सहित खर्चको बिबरण पेश गरे पनि कति थान बिल छन सो नखुलाएको र बिल प्रमाणित गरी पेश गर्ने गरेको देखिएन । पेश गरेका सबै कागजातको उपभोक्तबाटै प्रमाणित गराउने, बिलको संख्या खुलाउने र भुक्तानी दिए पछि कार्यालयबाट भुक्तानी भएको छाप लगाउने व्यबस्था गर्नु पर्दछ । | ३,४२६,१६८ |
| ५० | | | **लाभग्राहीसमूदायमार्फत कार्य-** | |

| क्र.सं. | गो.भौ.। मिति | कामको विबरण | काम गर्ने | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | १।०७८।३।९ | बझाङ्गी टोल तटबन्ध निर्माण कार्य वडा नं ४ | उ स | १४,९८,९८८। |
| 2. | ३।०७८।३।१५ | राधाकृष्ण टोलदेखि डम्बर लामाको घरसम्म सडक बाटो वडा नं ४ | उ स | १९,२७,१८०। |
| 3. | ५।०७८।३।१५ | सरस्वती मा बि को पर्खाल निर्माण वडा नं १० | उ स | ९,८९,०२१। |
| 4. | ७।०७८।३।१५ | बेलनीको नहर निर्माण वडा नं ३ | उ स | ९,८४,११२। |
| 5. | ९।०७८।३।२० | गौरीगंगा धाम निर्माण व्यबस्थापन भुक्तानी वडा नं ४ | उ स | ९,९१,७४४। |
| 6. | १२।०७८।३।२४ | बिणा विद्युत मोया सडक स्तरोन्नती वडा नं ६ | निर्माण व्यबसायी | ९,६६,८७७। |
| 7. | १४।०७८।३।२४ | एकान्तबस्ती सडक स्तरोन्नती वडा नं ९ | निर्माण व्यबसायी | १९,४४,८१५। |
| 8. | १६।०७८।३।२४ | डम्मारीपुर सडक स्तरोन्नती | उ स | ८,६४,२५३। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.१ | | | **बिद्यालयबाट सामान खरिद** - संघीय सरकारबाट हस्तान्तरिक कार्यक्रमबाट जनपृय मा बि मा निम्न अनुसारको रकम पठाइ काम गरेको बिबरण पेश गरेको छ । | २,८००,९३२ |

| क्र.स. | गो भौ। मिति | भुक्तानी रकम रु. | खरिद गरेको फर्म | खरिद बिधि | खरिद गरिएका सामान | पेश भएका बिलको रकम |
|---|---|---|---|---|---|---|
| १ | २०८।०७८।३।३२ | ६,५०,०००। | मालिका काष्ट फर्निचर उद्योग | सोझै | फर्निचर | १,४९,५३१। |
| | | | इन्टरनेशनल साइन्स हाउस प्रा लि | सोझै | साइन्स ल्याबका समान | ४,९५,५१९। |
| | | | हमाल ट्रेडर्स | सोझै | बाथरुमका सामान | ११,१७०। |
| २ | २१२।०७८।३।३२ | २५,००,०००। | सेभेन स्टार डिस्ट्रिव्युटर्स | सिलबन्दी दरभाउ | ३९ थान कम्प्युटर लगायतका समान | १७५१८३९। |
| | | | लक्ष्मिमल्टि ट्रेडर्स | सोझै | सी सी टी भी सम्बन्धि समान | ४०४०४२।८० |
| | | | इमेजिङ्ग ट्रेड कन्सर्न | सोझै | वेवसाइट निर्माण | २८८१५०। |
| | | | कृष्ण वलवान फर्म ( मु अ करमा दर्ता नभएको) | सोझै | बिभिन्न सामान | ६३२९०। |
| | जम्मा | ३१,५०,०००। | | | | |

**क)** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. ५ लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरेर तथा नियम ३१(१) अनुसार रु. २० लाख भन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यवस्था छ । तालिकामा उल्लेखित खरिदमध्ये रु,१७,५१,८३९।मुल्यका सामान सेभेन स्टार डिस्ट्रिव्युटर्सबाट सिलबन्दी दरभाउ गर्ने बाहेक सबै सामान सोझै खरिद गरेको छ । प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गरेको कार्य मनासिब देखिएन । यस्ता कार्यमा नियन्त्रण हुनु पर्दछ ।

**ख)** खरिद गरेका सामान अनुसार जिन्सी खाता पाना नं फरक फरक गरी जिन्सी खातामा सामान दाखिला गर्नुपर्नेमा खरिद गरेको प्याकेज अनुसार एकै ठाउमा दाखिला गरेको देखाएको छ।यस्तो अबस्थामा उक्त सामान जिन्सी दाखिला भएका छन भनि बिश्वस्त हुने अबस्था रहेन । मालिका कास्ट, इन्टरनेशनल साइन्स हाउस, सेभेन स्टार डिस्ट्रिव्युटर्स, लक्ष्मी मल्टी ट्रेडर्सबाट खरिद गरेका खप्ने सामान बिद्यालयको लेखापरीक्षण प्रतिबेदनको सम्पत्तिको बिबरणमा समाबेश गरेको देखिने प्रमाण सहित अद्याबधिक जिन्सी खातामा दाखिला गरेको देखिने प्रमाण पेश हुनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५०.२ | | | **बिद्यालय भबन निर्माण** -<br>**क)** जि स स कैलालीबाट रु २५,००,०००।(५४ प्रतिशत), यस कार्यालयबाट रु. १६,६६,६६६।(३६ प्रतिशत) र उपभोक्ताले रु.४,८६,३४१। व्यहोर्ने गरी लागत अनुमान रु.४६,५३,००७। भएको जनपृय मा बि मा दूई कोठे भबन निर्माणका लागि भुक्तानी दिने गरी उक्त बिद्यालयसँग सम्झौता भएको छ। सम्झौता अनुसार उक्त काम रु.४६,१८,१०८।५२मा सम्पन्न भएको भनि कार्य सम्पन्न प्रतिबेदन तयार गरेकोले सम्झौता अनुसार न पा पुँजीगत श्रोतबाट ३६ प्रतिशतले हुने रकम रु.१६,६२,५१९।०७ मात्र भुक्तानी दिनु पर्नेमा रु. १६,६६,६६६। नै भुक्तानी दिएकोले बढि भुक्तानी भएको रकम रु.४,१४६।९३ अशुल गर्नु पर्दछ ।<br><br>**ख)** बिद्यालयले निर्माण काम गराउँदा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा हुने गरी काम गराउनु पर्नेमा उपभोक्ता समिति जस्तै आफै सामान खरिद गर्ने लगायतका काम गरी बिद्यालय व्यबस्थापन समितिबाट खर्च अनुमोदन गरी भुक्तानीका लागि बिल भर्पाइ पठाएको देखियो । बिद्यालय व्यबस्थापन समिति आफै सम्लग्न भएर खरिद कार्य गर्ने कार्य बिचारणिय देखिन्छ । | ४,१४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **बिल भरपाइवेगर भुक्तानी-**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भर्पाई सहित गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय अनुसार विभिन्न मितिमा गरेको भुक्तानीमा विल विजक तथा प्रमाण कागजात वेगर भुक्तानी गरेकोले प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ३०२,५२७ |

| गो.भौ. नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ३०१ ।०७८। ३।२४ | बरपिपल चौतारी ग्रामिण विद्युत स.सं.लि लाई रु.६६७३७८। (मूअकर बाहेक)को विल बमोजिम रु.९२१३०५। हिसाव गरी रकम भुक्तानी भएकोले रु.२५३९२७। को कर विजक पेश नभएकोले प्रमाण पेश गर्ने | २५३९२७ |
| ७।०७७।८।३० संघिय शसर्त पूँजिगत | एनएलजि ईन्सुरेन्स कम्पनी लिलाई कर विजक वेगर विमा शुल्क भुक्तानी गरेकोले सोको प्रमाण पेश गर्ने | ३६४३० |
| ५८,५९।०७७। ७।२५ | विपि एस कन्स्ट्रक्सन कम्पनीलाई गिधनिपा चोक देखि बडैपुर गाँउ सम्मको सडक कालोपत्रे कार्यको ठेक्का सम्झौता रु.२७९८६४८। मध्ये रु.२८०२०५८। भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुली असुली दाखिलाको प्रमाण पेश गर्नुपर्ने | ३४१० |
| २९५।०७८।३। २४ | न्यु त्रिपुरा ग्रामिण विद्युत स.सं लिको रु.९७४८८२। को सम्झौता अनुसार रु.४०००००। मात्र उपलव्ध गराउने शर्त रहेकोमा रु.९५३५३४। मात्रको कार्य सम्पन्न भएकोमा सोहि अनुपातमा रु.३९१२४०। मात्र भुक्तानी दिनुपर्नेमा रु.४०००००। भुक्तानी भएकोले अनुपातिक कट्टी नगरी बढी भुक्तानी रकम असुल दाखिला प्रमाण पेश गर्नुपर्ने | ८७६० |
| जम्मा | | ३०२५२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **अनुदान निकाशा-**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार विद्यालयसँग सम्झौता भए पछि पहिलो किस्ताको रूपमा कुल अनुदान रकमको ३० प्रतिशत अनुदान दिने, संरचना (Structural Part) को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रूपमा कूल अनुदान रकमको ५० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रूपमा कूल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने तथा विद्यालयको भौतिक पूर्वाधार कार्य आर्थिक बर्षको असार १५ सम्ममा कार्य सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट देहायका विद्यालयलाई ४ कोठे भवन तथा शौचालय निर्माणका लागि गएको अनुदानको पुरै अंश भुक्तानी गरी सकेकोमा हाल सम्म कार्य सम्पन्न भएको नदेखिएकोले कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु. | ४,४०७,६८१ |

| गो.भौ. नं. र मिति | विद्यालय | रकम |
|---|---|---|
| ४०।०७८।३।२३ | सुनपाल पञ्च मावि भवन निर्माण (अन्तिम किस्ताको भुक्तानी रु ३६०००००। मध्ये ) | २५७५७४२ |
| ४०।०७८।३।२३ | कालिका मावि ४ कोठे भवन निर्माण (अन्तिम किस्ताको भुक्तानी रु ३६०००००। मध्ये ) | १८३१९३९ |
| | जम्मा | ४४०७६८१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **अग्रिम करकट्टि नगरेको-**<br>आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले विभिन्न मितिमा देहायका पार्टिहरुलाई भुक्तानी गर्दा विल रकममा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्नेमा कट्टा नगरेकोले कर छुट असुली गरी प्रमाण पेश गर्नुपर्ने रु | ४०,९३४ |

| गो.भौ.नं/मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २५।०७७।६।४ | सुदुरपश्चिम सोलार कम्पनी प्रालिको कर विजक बमोजिम रु.८७४८००। (मूअकर बाहेक) को १।५ प्रतिशतले हुने रु.१३१२२। मध्ये रु.९२०७। मात्र कट्टी गरेकोले घटी कर कट्टी रकम असुली दाखिलाको प्रमाण पेश गर्नुपर्ने | ३९१५ |
| २९३।०७८।३।२४ | मनुस्मृति ग्रामिण विद्युत स.संलिको विल बमोजिम रु.१०५३०९६। (मूअकर बाहेक) मा १।५ प्रतिशतले हुने रु.१५७९६। मध्ये रु.९०००। मात्र अग्रिम कर कट्टी गरेकोले घटी कट्टी असुली दाखिलाको प्रमाण पेश गर्नुपर्ने | ६७९६ |
| २९४ ०७८।३।२४ | बडिमालिका विद्युत स.सं लि लाई रु.१०४३७४६। मा १।५ प्रतिशतले हुने रु.१५६५६। मध्ये रु.९०००। मात्र कट्टी गरेकोले घटी कट्टी रकम असुली दाखिलाको प्रमाण पेश गर्नुपर्ने | ६६५६ |
| २९५।०७८।३।२४ | न्यु त्रिपुरा ग्रामिण विद्युत स.सं लिलाई रु.८२१९८९। (मूअकर बाहेक)मा १।५ प्रतिशतले रु.१२३३०। अग्रिमकर कट्टा गर्नुपर्नेमा रु.६०००। कट्टी गरेकोले घटी कट्टी गरेको असुली दाखिलाको प्रमाण पेश गर्नुपर्ने | ६३३० |
| २९८।०७८।३।२४ | सिद्धबाबा ग्रामिण विद्युत स.सं.लि को रु.६५६५१२ (मूअकर बाहेक) मा १.५ प्रतिशतले हुने रु.९८४८। मध्ये रु.६०००। मात्र अग्रिम कर कट्टि गरी घटी कर कट्टी रकम असुल दाखिला प्रमाण पेश गर्नुपर्ने | ३८४८ |
| २९९ । ०७८।३।२४ | मसुरिया ग्रामिण विद्युत स.सं.लि लाई रु.८३१३००। (मूअकर बाहेक)मा १.५ प्रतिशतले हुने रु.१२४७०। मध्ये रु.७६५०। मात्र अग्रिम कर कट्टि गरी घटी कर कट्टी रकम असुल दाखिला प्रमाण पेश गर्नुपर्ने | ४८२० |
| ३०१ । ०७८।३।२४ | बरपिपल चौतारी ग्रामिण विद्युत स.सं.लि लाई रु.९२१३०५। (मूअकर बाहेक)मा १.५ प्रतिशतले हुने रु.१३८१९। मध्ये रु.५२५०। मात्र अग्रिम कर कट्टि गरी घटी कर कट्टी रकम असुल दाखिला प्रमाण पेश गर्नुपर्ने | ८५६९ |
| जम्मा | | ४०९३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **प्रमाणवेगर खर्च-**<br>सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) बमोजिम कार्यालय प्रमुखले निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनुपर्दछ । कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत ५० जनालाई घर निर्माण बापत रु.१५०००००। रकम भुक्तानी गरेकोमा, कार्यसम्पन्न प्रतिवेदन एबम् बिल भर्पाई पेश नभएकोले निर्माण कार्यको बिल भर्पाई सहित कार्यसम्पादन प्रतिवेदन पेश हुनुपर्ने रु | १,५००,००० |
| ५५ | | | **प्रमाण पेश नभएको-**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ ।कार्यालयले वडा नं ९ कटेनी खोलामा झोलुङ्गेपुल निर्माणार्थ यो बर्ष एक आपूर्तकबाट रु ३९०४०४१। का फेब्रिकेटेड ट्रैल ब्रिज पार्टस खरिद गरेको सम्बन्धित पुल निर्माण उपभोक्ता समितिलाई रु २६९९००४। तथा लिक्मा झोलुङ्गेपुल निर्माण उपभोक्ता समितिलाई रु.१८५३९८५। भुक्तानी गरेकोमा उक्त झोलुङ्गेपुलको स्वीकृत लागत अनुमान,उपभोक्ता समितिसँगको योजना सम्झौता तथा लागत सहभागिता विवरणहरु साथसथै योजना निर्माण र भुक्तानी सम्बन्धि अद्यावधिक कार्य प्रगति विवरणहरु लगायतका कागजात अभिलेख वेगर उक्त खर्च एकिन गर्ने अवस्था रहेन । कार्यक्रमसँग सम्बन्धित कागज प्रमाणहरु अद्यावधिक राखी नियमानुसार प्रगति प्रतिवेदनसमेत तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **विद्युतीकरण कार्य-** विद्युतीकरणको कार्य गर्दा नजिकको नेपाल सरकारको पूर्ण स्वामित्व भएको नेपाल विद्युत प्राधिकरणमा रकम पठाई सोही संस्थाबाट काम गराए हुनेमा सो अनुसार नगरी नगरपालिका अन्तरगत विभिन्न वडाहरुमा निम्नानुसार कम्पनि एवं सहकारी संस्थाहरुसँग सम्झौता अनुसार ट्रान्समिटर खरिद नथा जडान,विद्युत लाईन विस्तार विद्युत पोल खरिद सौर्य बत्ति जडान लगायतका कार्य गराई रकम भुक्तानी गरेको पाईयो । तापनि कुनकुन वडाका कुनकुन स्थानमा उक्त विद्युतीकरणका कार्य सम्पन्न भएका हुन स्थान विशेषको पहिचान खुल्ने गरी सो को फोटोग्राफ अधिकांश संस्थाबाट पेश नभएकोले सम्बन्धित वडाको सिफारिसका साथ उक्त फोटोग्राफ समेत उपलव्ध गराउन लगाई सार्वजनिक खर्चलाई अरु बढी विश्वसनिय पारदर्शि बनाउदै लाने व्यवस्था हुनु पर्दछ । | |

| गो.भौ.नं/मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २५।०७७।६।४ | सुदूरपश्चिम सोलार कम्पनी प्रा.लि वडा नं ४ | ९५४५९४ |
| २९३।०७८।३।२४ | वडिमालिका ग्रामिण विद्युत ग्रामिण विद्युत स.सं.लि | १०००००० |
| २९३।०७८।३।२४ | मनुस्मृति ग्रामिण विद्युत स.सं.लि वडा नं २ | ६००००० |
| २९४ ०७८।३।२४ | बडिमालिका विद्युत स.सं.लि वडा नं ३ | ६००००० |
| २९५।०७८।३।२४ | न्यू त्रिपुरा ग्रामिण विद्युत स.सं.लि वडा नं ६ | ४००००० |
| २९७।०७८।३।२४ | शिव गणेश विद्युत स.सं.लि | ८००००० |
| २९८।०७८।३।२४ | सिद्धवावा ग्रामिण विद्युत स.सं.लि | ४००००० |
| २९९ ।०७८।३।२४ | मसुरिया ग्रामिण विद्युत स.सं.लि | ५१०००० |
| ३०१ ।०७८।३।२४ | बरपिपल चौतारी ग्रामिण विद्युत स.सं.लि वडा नं ३ | ३५०००० |
| ३१० ।०७८।३।२४ | शिशु सुधार टोलमा विद्युत लाईन विस्तार उ स वडा नं५ | ३००००० |
| २२।०७७।१२।१ | सुदूरपश्चिम सोलार कम्पनी प्रा.लि | ३००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को परिच्छेद ७ र ८ मा बैकिङ्क प्रणाली मार्फत भत्ता बितरण तथा भत्ता बितरण गरे पछि बचेको रकम सम्बन्धित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता भुक्तानी बैंकिग प्रणालीमार्फत रु. १०४६०९०५०। भुक्तान गरेको छ । सामाजिक सूरक्षा भत्ता प्रदान गर्दा समयमा तथ्याङ्क अध्यावधिक हुने गरेको देखिएन साथै भत्ता वितरण बाँकी रहेको रकम समयमा फिर्ता गर्नुपर्नेमा नगरेकोले समयमै फिर्ता गर्ने तर्फ ध्यान जानुपर्दछ । | |
| ५८ | | | **मसलन्द तथा कार्यालय सामाग्री**<br>नगरपालिकाले यस आ.व. मा विभिन्न फर्म तथा संस्थाहरुवाट कार्यालय प्रयोजनका लागी विभिन्न समयमा मसलन्द तथा कार्यालय सामाग्रीहरु खरिद वापत रु ५१ लाख ४४ हजार खर्च लेखेको छ । नगरपालिकामा खरिद गुरुयोजना तथा खरिद योजना नवनाई यस्ता प्रकृतिका कार्यहरु गर्दा वढी व्ययभार पर्ने हुनाले यस्ता खर्चलाई व्यवस्थित बनाउन समयमै ध्यान जानुपर्ने देखिन्छ । नगरपालिकाले यस्ता टुक्रा खरीदलाई व्यवस्थित हुने गरी मसलन्द सामाग्री तथा कार्यालय सामाग्रीको खरिद प्रकृया कानुन वमोजिम हुने गरी व्यवस्थित गर्नुपर्ने तिर कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ५९ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने, इ हाजिरी अनिवार्य हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यविधि नबनाई अर्थ मन्त्रालयको स्वीकृती नलिई तथा इ हाजिरी अभिलेख नराखी वडा कार्यालयमा कार्यरत वडा सचिवहरुलाई भूमी व्यवस्थापन कार्यमा अतिरिक्त समय कार्य गरेवापत ८ महिनाो २००० का दरले रु.१७६०००।- प्रोत्साहन भत्ता खर्च लेखेको छ । यस्तो भत्ता खर्च लेख्दाअर्थ मन्त्रालयको स्वीकृती लिई तथा इ हाजिरी अभिलेख राखी सूचकसमेत तयार गरी खर्च लेख्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६० | | | **वोलपत्र मूल्याङ्कन भत्ता**<br>नगरपालिकाले कार्यालयमा हुने गरेको परामर्श बैठक , बोलपत्र मूल्याङ्कन बैठक, ठेक्का तथा क्याटलग सपिङ्गका लगी वसेको बैठक बापत रु ७५४८०० खर्च लेखेको छ । खरिद योजना तथा गुरुयोजना तयार नपारी मूल्याङ्कन समिति गठन गरी खर्च लेखेको छ । यस्ता प्रकृतिको खर्च लेख्दा सम्वन्धित सेवा संग सम्वन्धित विज्ञको उपस्थितिमा बैठक वसेकोमा मात्रै खर्च लेख्ने व्यवस्था छ। कार्यालयले यस्ता प्रकृतिका वैठक वस्दा कुनै पनि विज्ञ नराखी कार्यालय समय भन्दा अघि र पछी गरी वसेर कार्यालयकै कर्मचारीहरु मात्रै वसी वैठक भत्ता खर्च लेखेको छ । यस्ता खर्चले आर्थिक व्ययभार वढी परेको छ । | |
| ६१ | ५७ | २०७८-३-३० | **अनुगमन भत्ता**<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ लाई संसोधन गर्न वनेको विधेयकको दफा ३ मा उल्लेख भए बमोजिम बाहेकको सुविधा उपलब्ध गराउन नपाउने व्यवस्था छ । नगरपालिकाले समवन्धित पदाधिकारी तथा कर्मचारीलाई नगरपालिका अन्तर्गत संचालनमा रहेको योजनाहरुको अनुगमन वापत ५१२००० खर्च लेखेको छ । सम्वन्धित फिल्डमा खटेवापत नगरपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई भुक्तानी भएको नियमसम्मत देखिएन । | ५१२,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | ६०९ | २०७८-३-२३ | **अमानतबाट कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ अनुसार कुनै पनि सार्वजनिक निकायले कुनै कार्य गराउदा १ लाख सम्मको कार्यको लागी अमानतमा कार्य गराउन सक्ने व्यवस्था छ । कार्यालयले वडा नं ८ कार्यालयको प्राङ्गनमा माटो भरान तथा ग्राभेल कार्य गरे वापत नारायण प्रसाद सापकोटालाई प्राविधिक मूल्याङ्कन वेगर रु १५११९२५ खर्च लेखेको छ । उक्त कार्य गराउदा इन्धन वापत रु ११०२२६ । जेसिवी भरपाई तथा अन्य भरपाई गरेर रु ४१७००। खर्च लेखेको छ । अमानतमा गराइएको कार्य नियमसम्मत नदेखिएको रु | १५१,९२५ |
| ६३ | विभिन्न | | **प्राविधिक मूल्याङ्कन वेगरको खर्च**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार कुनै पनि सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नगरपालिकाका विभिन्न वडाहरुको सडकमा ग्राभेलिङ्ग तथा लेभेल सम्याउने कार्य गर्दा विभिन्न मितिमा जेसिवि तथा ट्याक्टर भाडामा लिई खर्च लेखेको छ । कार्यालयमा एक थान जेसिवि हुदाहुदै २३०० प्रतिघण्टाका दरले तथा ट्याक्टर प्रति महिना ६५०००। का दरले खर्च लेख्दा प्राविधिक पुष्ट्याई वेगर खर्च लेखेको रु | १,८६८,०३४ |
| ६४ | | | **खरिद कार्यका लागी अनुदान**<br>सार्वजनिक निकायवाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने तथा अनुदान प्राप्त गर्ने अनुदान ग्राहीहरुको अभिलेख राख्नुपर्दछ । नगरपालिकाले मसुरिया स्वास्थ्य चौकीलाई अनुदानको रुपमा रु ११०००००। एम्वुलेन्स खरिद गर्न उपलब्ध गराएको छ । उक्त कार्य पुरा भए नभएको कुनै आधार प्रमाण पेश नभएको साथै उक्त संस्थाको लेखापरीक्षण प्रतिवेदन पेश नभएको देखिन्छ । कार्यालयले समेत उक्त अनुदानको सदुपयोग भए नभएको अनुगमन गरेको देखिदैन । यस्ता अनुदानको सदुपयोग भएको प्रमाण पेश गर्नुपर्ने रु | १,१००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **परामर्श खर्च**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ अनुसार कुनै पनि सार्वजनिक निकायले उक्त निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा कुनै फर्म, व्यक्ति,संस्था वा कम्पनीवाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले १ एक जना करार तथा १ एक जना स्थायी तर्फका इन्जीनियर सहित १५ जना प्राविधिक तर्फका कर्मचारी हुदाहुदै सेवा परामर्श वापत रु २९९८००। खर्च लेखेको छ । उक्त परामर्श कार्य ड्रिम प्लानर इन्जिनियरिङ्ग सर्भिसेज प्रा.ली. गोदावरी कैलालीद्वारा विभिन्न साना साना योजनाहरुको सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग सर्भेक्षण, विस्तृत डिजाइन, लागत अनुमान तथा प्रतिवेदन तयारी गर्नेगरी सम्झौता अनुसार खर्च लेख्दा उक्त योजना मध्येका कुनै कुनै योजना काम भइरहेको अवस्थामा समेत रहेको पाइयो । यस्ता संचालनमा रहेका योजनाहरुको सर्भे गराउनु नियमसम्मत नदेखिएको रु.<br><br>उक्त योजना मध्ये सम्पन्न भैसकेका योजनाहरु निम्न लिखित छन । | २९९,८०० |

| क्रम संख्या | योजनाको नाम | लम्वाई |
|---|---|---|
| १ | माघी लठैया सडक कालोपत्रे गौरीगंगा नगरपालिका वडा नं १ कैलाली | १.२ किमी |
| २ | शंकरपुर उत्तर दक्षिण सडक कालोपत्रे गौरीगंगा नगरपालिका ९ कैलाली | ०.६ किमी |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **शर्त विपरित खर्च-** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६.१</td><td></td><td></td><td>सशर्त कार्यक्रम अन्तरगत स्थानीय तहमा लागत साझेदारीमा बाख्रा तथा भैसी प्रर्वद्धन (५० प्रतिशत अनुदान) कार्यक्रममा कृषकको मागको आधारमा बाख्रा तथा भैसी खरिद गरी वितरण गर्ने भनि नगरपालिकाले माग संकलनको लागि सूचना प्रकाशन गरेको देखियो । नगरपालिकाले सो कार्यक्रम सञ्चालन गर्दा प्रकाशित सूचनामा उल्लेख लागत अनुसार नगरी केही आईटममा मात्र कृषक समुहको सहभागिता हुने गरी तयार गरेको छ । देहायका कृषक समूहबाट सो कार्य गराएकोमा शसर्त कार्यक्रम शीर्षकमा आएको रकमलाई शर्त अनुसार नै खर्च गर्नुपर्नेमा नगरेकोले सूचना तथा शर्त विपरित कार्यक्रमको लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाई अनुपातिक रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>कृषक समूह</th><th>लागत अनुमान</th><th>कार्यालयबाट व्यहोरेको रकम</th><th>कृषक समूहबाट व्यहोरेको रकम</th><th>कृषक समूहबाट व्यहोर्नुपर्ने रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>लागत साझेदारीमा बाख्रा प्रर्वद्धन कार्यक्रम (खरिद ढुवानी तथा खोर सुधारमा)</td><td>लालिगुँरास कृषि तथा पशुपालन समुह</td><td>११५००००</td><td>८४९६४०</td><td>२५००००</td><td>५७५०००</td><td>२८७५००</td></tr>
<tr><td>लागत साझेदारीमा भैसी प्रर्वद्धन कार्यक्रम (खरिद, ढुवानी तथा घाँस खरिदमा)</td><td>हिमाल भैसी पालन कृषक समुह</td><td>२३४००००</td><td>१८९००००</td><td>४५००००</td><td>११७००००</td><td>७२००००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१००७५००</td></tr>
</table></td><td>१,००७,५००</td></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>लागत साझेदारीमा भैसी प्रर्वद्धन कार्यक्रममा नगरपालिकाले लागत अनुमानमा साझेदारीमा भैसी खरिदमा र डाले घाँस तथा भुई घाँसको विउ वेर्ना खरिदमा देहायको साझेदारी हुने गरी तयार गरी सम्झौता गरेकोमा कार्यालयले व्यहोर्नु पर्ने भन्दा बढी अंश हुने गरी खरिद गरी वितरण गरेको देखियो । सम्झौता भन्दा बढी भुक्तानी सम्बन्धित कृषक समूहबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>लागत साझेदारीको विवरण</th><th>कृषक समूह</th><th>लागत अनुमान</th><th>कार्यालयबाट व्यहोर्ने रकम</th><th>कृषक समूहबाट व्यहोर्नुपर्ने रकम</th><th>व्यहोरेको रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>डाले घाँस तथा भुई घाँसको विउ वेर्ना खरिद</td><td>हिमाल भैसी पालन कृषक समुह</td><td>१८००००</td><td>९००००</td><td>९००००</td><td>०</td><td>१०४९६०</td><td>१४६९०</td></tr>
<tr><td>डाले घाँस तथा भुई घाँसको विउ वेर्ना खरिद</td><td>लक्ष्मि एकिकृत भैसी पालन समूह</td><td>२०००००</td><td>११००००</td><td>९००००</td><td>०</td><td>३८००००</td><td>२९००००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>३०४६९०</td></tr>
</table></td><td>३०४,६९०</td></tr>
</table>


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>शैक्षिक प्रोत्साहन अनुदान-<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान रु.५० हजार र उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुद्धिढिकरणका लागि रु.२ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा अनुदान दिने उल्लेख छ । नगरपालिकाको शिक्षा शाखाबाट कुनै कागजात वेगर सिफारिसका आधारमा देहायका विद्यालयलाई सो रकम निकासा भएकोले सो मापदण्ड र विधि अनुसार भए नभएको एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>अनुदानको प्रकार</td><td>रकम</td></tr>
<tr><td>पशुपति मावि</td><td>उत्कृष्ट सिकाई उपलब्धि</td><td>२०००००</td></tr>
<tr><td>केदारेश्वर आवि</td><td>कार्य सम्पादनमा आधारित</td><td>५००००</td></tr>
<tr><td>शिवनमुना आवि</td><td>कार्य सम्पादनमा आधारित</td><td>५००००</td></tr>
<tr><td>आनन्द प्रावि</td><td>कार्य सम्पादनमा आधारित</td><td>५००००</td></tr>
<tr><td>कालिका आवि</td><td>कार्य सम्पादनमा आधारित</td><td>५००००</td></tr>
<tr><td>जनसमुदाय प्रावि</td><td>कार्य सम्पादनमा आधारित</td><td>५००००</td></tr>
<tr><td>वेताल प्रावि</td><td>कार्य सम्पादनमा आधारित</td><td>५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५०००००</td></tr>
</table></td><td>५००,०००</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>शैक्षिक अनुदान-</td><td></td></tr>
<tr><td>६८.१</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालय लाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई नगरपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट ४२ वटा विद्यालयलाई गएको कोभिड १९ सिकाई सहजिकरणमा स्वास्थ्य सामाग्रि व्यवस्थापन अनुदान रु.३२४३४००। रकम निकासा दिएकोमा हालसम्म निकासा भएको रकमको सहि सदुपयोग भए नभएको नगरपालिकाले प्रमाण पेश गरेको छैन । अतः नगरपालिकाले अनुदानको वितरण भए नभएको एकिन हुने प्रमाण पेश हुनुपर्ने रु.</td><td>३,२४३,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८.२ | | | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले शिक्षण सुधार तथा विद्यालय व्यवस्थापन अनुदानमा नगरपालिकाका ४२ वटा विद्यालयहरुलाई शिक्षक विद्यार्थि अनुपातका आधारमा र आधारभूत अनुदान सवै विद्यालयलाई नगरपालिकाको नगर शिक्षा समितिले तोकेको दरमा बार्षिक रु.२,४०,००,०००। अनुदान खर्च लेखेको छ । नगर शिक्षा समितिको बैठकबाट अनुदानको नर्म्स बनाई निर्णयका आधारमा अनुदान वितरण गरेको देखियो । नगरपालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि तयार नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी विगत देखि अनुदान वितरण गरेको भनि खर्च लेखेको देखियो । एउटै शीर्षकमा विना कार्यविधि नगरपालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा कार्यविधि तयार गरी विद्यालयहरुको संगठन संरचना बनाएर मात्र खर्च गर्नुपर्ने देखिन्छ । | |
| ६८.३ | | | कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप १.२ अनुसार शिक्षक तथा विद्यार्थलाई सि.यू. जि. सेवामा आवद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थि संख्याका आधारमा प्रति विद्यार्थि मासिक रु.१२५। का दरले ३ महिनाको रकम विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था अनुरुप नगरपालिकाले देहायका ४२ वटा विद्यायललाई सो कार्यको लागि रु.३५,२३,१२५। रकम निकासा भएकोमा नगरपालिका सो कार्यक्रम विद्यालयहरुले सञ्चालन गरे नगरेको प्रमाण पेश नभएकाले एकिन हुन नसकेकाले तहाँ कार्यालयबाटै एकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ३,५२३,१२५ |
| ६९ | | | **अग्रिम कर-**<br>आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करट्टी सम्बन्धि व्यवस्था छ ।नगरपालिकाले अनुदानमा कृषकलाई कृषियन्त्र, उपकरण तथा ,विउविजन खरिदगरी सामान उपलब्ध गराए बापत सामान आपूर्तकबाट खरिद मुल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा नगरपालिकाबाट भएको भुक्तानी अंशमा मात्र अग्रिम करकट्टी गरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम करछुट हुन गएको देखियो । तसर्थ देहायको भुक्तानी बाहेक बाँकी रकममा तहाँबाटै एकिन गरी देहायको भुक्तानीमा छुट भएको कर सम्बन्धित फर्मबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु | ६०,४९९ |

| भौ.नं/मिति | संस्थाको नाम | प्रयोजन | विल रकम | करकट्टि हुनुपर्ने रकम | करकट्टी भएको रकम | कर छुट रकम |
|---|---|---|---|---|---|---|
| ११।०७८।३।९ | घोडाघोडी सिड कम्पनी प्रा.लि.कैलाली | धानको विउ खरिद | ३०००००० | ४५००० | २२५०० | २२५०० |
| १२।०७८।३।९ | | | ७९९९८० | १२००० | ६००० | ६००० |
| २।०७७।८।१२ | युनिक सिड कम्पनी प्रा.लि.कैलाली | गँहुको विउ खरिद | २९९९१०० | ४४९८८ | २२४९४ | २२४९४ |
| ३।०७७।८।१४ | | | ८०४७०० | १२०७१ | ६०३६ | ६०३५ |
| ८।०७७।१०।९ | न्यू कृषक सेवा केन्द्र | च्याउँको विउ खरिद | ४६२६५५ | ६९४० | ३४७० | ३४७० |
| जम्मा | | | | | | ६०४९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **आन्तरिक लेखापरीक्षण-** | १,४४२,२२७ |

प्रदेश आर्थिक कार्यविधि नियमावली,2076 को नियम 96 (3) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गरी फछ्र्योट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिमका व्यहोराहरु फछ्र्योट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | शसर्त चालु तर्फ १८६।२०७८।३।१७ सार्वजनिक खरिद नियमावलि,२०६४ को नियम १९ अनुसार सार्वजनिक नियकायले कुनै पनि खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति,संस्था र कम्पनिबाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ । नगरपालिकले भूपेन्द्र अपसेट प्रेसबाट विभिन्न कार्यालय सामग्री खरिद गरे बापत रु.२९५५००। भुक्तानी गरेकोमा भ्याट विल वेगर भुक्तानी गरेकोले नियम सम्मत नदेखिएको रु | २९५५०० |
| | अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७ को ७.१.१ अनुसार एउटै निकाय र अन्तरगतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता नदिने उल्लेख छ । नगरपालिकाको विभिन्न समयमा भएको मूल्याकंन तथा अन्य बैठक बापतको भत्ता भुक्तानी गरेकोमा एउटै निकाय र अन्तरगतका पदाधिकारी कर्मचारी मात्र बसि बैठक भत्ता वितरण गरेकोले यस्तो खर्चमा पालिकाले ध्यान दिनुपर्दछ । | |

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| 46 ।2078।3।24 | टेण्डर मूल्यांकंन बैठक | ३६९३६० | शसर्त |
| 476।2078।1।15 | ठेक्का को मूल्यांकंन बैठक | ६४१५८० | नगरपालिका चालु |
| 423 ।2077।12।25 | परिक्षा सञ्चालन बैठक | ६४९५० | नगरपालिका चालु |
| १५७ । 207७/८/१५ | परिक्षा सञ्चालन बैठक | १९९२५ | नगरपालिका चालु |
| ९३ । 207७/७/२४ | ठेक्का को मूल्यांकंन बैठक | ३७७४० | नगरपालिका चालु |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | शिक्षा पूँजी २।२०७८।३।१६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार ५ लाख सम्मको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८४ मा २० लाख सम्मको मालसामान सिलबन्दी दरभाउपत्रको माध्ययमबाट खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले नगर खेलकुल विकासका लागि व्यायाम सामाग्रि खरिद गरी दुई फरक सप्लायर्सलाई रु.४९७०००। र रु.४६६२२१। गरी जम्मा रु.९४०९४०। को व्यायाम सामग्री खरिद गरेकोमा नियम विपरित टुक्रापारि खरिद गरेको देखिएकोले नियम सम्मत नदेखिएको रु | ९४०९४० |
| | ३०।२०७८।३।१९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाली २०७७ को नियम ३९ अनुसार प्रमाण कागजत तथा विल भर्पाईका साथ लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले आभार संचार कम्पनी प्रा.लि. लाई लैङ्गिक हिंसा सामाजिक कुरिति विरुद्धको डकुमेन्ट्री बनाए बापत रु.१९५६६२। भुक्तानी दिएकोमा भिडियो प्रमाणित गर्ने प्रमाण तथा डकुमेन्ट्रीको सिडी जिन्सि दाखिला गरेको तथा सो डकुमेन्ट्रीको सहि सदुपयोग भए नभएको एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु | १९५६६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाले तोकेको दरमा सवारी साधनमा ईन्धन प्रयोग गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न मितिमा ईन्धन प्रयोग भएको भनि आयल स्टोरको नाममा इन्धन खर्च भुक्तानी गरेको देखियो । कसले कति कार्यालयको कुन कामको सिलसिलामा प्रयोग गरेको हो भन्ने लकबुक तथा ईन्धनको सिमा तोकेको प्रमाणीत कागजात पेश नगरी इन्धन खर्च कार्यालयको प्रयोजनको खर्च भनि भुक्तानी गरेकोले नियममा तोकेको सिमालाई मध्य नगरगरी खर्च गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| | | | ५८।२०७७७/६/२९ आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा तथा परामर्शमा १५ प्रतिशतले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सुनौलो एफ.एम लाई दिएको भुक्तानी रु.७५०००। भुक्तानी भएकोमा १.५ प्रतिशत अग्रिम कर मात्र कट्टा गरेकोले छुट भएको रकम निज सेवा प्रदायकबाट असुल गर्नुपर्ने रु. | १०१२५ |
| | | | जम्मा | १४४२२२७ |
| ७१ | | | अनुगमन तथा सम्परीक्षण-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु.१३९४७६००।- सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |
| ७२ | | | सम्परीक्षण<br>लेखापरीक्षणको क्रममा निम्नानुसारका बेरुजु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम सम्परीक्षणको लागि पेश भएकोमा रु.१३९४७६००।- सम्परीक्षण भएको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १६३९१२००० | १३९४७६०० | १४९९६४४०० |

| दफा | आर्थिक बर्ष | विवरण | | रकम |
|---|---|---|---|---|
| १०८ | २०७६।७७ | संस्थागत व्यक्तिगत र मोविलाईजेशन पेश्की प्रमाण कागजातका आधारमा फस्र्यौट | | १०६५२६१६ |
| | | निर्माण व्यवसायी | रकम | |
| | | तेडि निर्माण सेवा प्रा.लि | 553342 | |
| | | शनिदेव उच्चकोटी जे.भि | 3200000 | |
| | | | 700000 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मल्ल निर्माण सेवा | | | | |
| | | | | | | मल्ल निर्माण सेवा | 871900 | | | |
| | | | | | | बि बि एस कन्स्ट्रक्सन | 445400 | | | |
| | | | | | | बि बि एस कन्स्ट्रक्सन | 445400 | | | |
| | | | | | | बि बि एस कन्स्ट्रक्सन | 453800 | | | |
| | | | | | | थापा निर्माण सेवा | 1276000 | | | |
| | | | | | | विष्णु निर्माण सेवा | 839000 | | | |
| | | | | | | आशिष निर्माण सेवा | 800000 | | | |
| | | | | | | जनज्योति प्रा.वि | 300000 | | | |
| | | | | | | चौमाला प्राथमिक स्वास्थ्य केन्द्र | 400000 | | | |
| | | | | | | ललित बहादुर सिँह | 34580 | | | |
| | | | | | | नारायण हौजाली | 32260 | | | |
| | | | | | | धनीदत्त भट्ट | 157094 | | | |
| | | | | | | मेखराज जोशी | 28340 | | | |
| | | | | | | मिना कुमारी चौधरी | 35500 | | | |
| | | | | | | राम दुलाल चौधरी | 80000 | | | |
| | | | | | | जम्मा | 10652616 | | | |
| | | | | ४४ | २०७६।७७ | असुली गर्न बाँकी आन्तरिक आय प्रशंसा कन्स्ट्रक्सन प्रालिबाट असुल गरी आन्तरिक सञ्चित कोषमा | | ३२३७५०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दाखिला गरेको आधारमा सम्परीक्षण गरेको | | | |
| | | | | ९५ | २०७६।७७ | तेजकुमारी जोशीलाई सरुवा भई सके पछि तलव भत्ता भुक्तानी भएको बैक दाखिला गरेको प्रमाणका आधारमा सम्परीक्षण | ५७४८४ | | |
| | | | | | | जम्मा | १३९४७६०० | | |
| ७३ | | | अद्यावधिक बेरुजु-<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | | | | | | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १४९९६४४०० | १३९४७६०० | ४१४०१४०९ | ० | १९१३६५८०९ |